## अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमि

भौगोलिक संरचना प्राकृतिक तथा सामाजिक विविधताले गर्दा नेपाल सानो आकारको भएतापनि यहाँ परापूर्व काल देखि विभिन्न जात र जनजातिका मानिसहरू रहँदै आएका छन् । यी जातिहरूको आ-आफ्नै भेषभूषा, भाषा, धर्म र रहन सहन छन् । तराई देखि पहाडसम्म फैलिएर रहेका भिन्न जातजातिहरू र यिनले अँगाल्दै आएको संस्कार र रहन सहनले प्राकृतिक सौन्दर्यको धनी नेपाललाई सामाजिक सांस्कृतिक रूपमा पनि साँच्चिकै सम्पन्न तथा वैभवशाली बनाएको छ । सामाजिक तथा सांस्कृतिक दृष्टिकोणले यी जातिहरू तथा यिनका संस्कृति र संस्कारहरू राष्ट्रिय धरोहर बन्न गएका छन् ।

हाम्रो देश भौगोलिक रूपमा सानो भएपनि यहाँ विभिन्न जात र जनजातिका मानिसहरू ब्राह्मण, क्षेत्री, ठकुरी, सन्यासी, मगर, गुरुङ, सार्की, कामी, दमाई, राई, लिम्बू, तामाङ, शेर्पा, थकाली, भुजेल, नेवार, थारु, बोटे, माझी, दरै, राउटे जस्ता जातजातिहरू परापूर्व कालदेखि रहँदै आएका छन् । हाल नेपालमा बसोबास गर्दै आएका यी विभिन्न जातिहरू विभिन्न समय र परिस्थितिमा नेपालमा आगमन गरेको पाइन्छ । इतिहासको विभिन्न कालक्रम र परिस्थितिमा आएका विविध नश्लका (नशल, खानदान) समाजहरूले यो भूभागलाई आज नेपाल र नेपाली भनेर जानिने एउटा गौरव प्रदान गरेका छन् । (विश्व कर्मा, २०५४) । जातपातको परिभाषा भारतीय महादिपमा करीब ३००० वर्ष पहिले भएको अनुमान छ । हिन्दू समाजमा छुवाछूत प्रथा अढाई सय वर्ष पहिले भएको अनुमान छ ( इन्सेक) । छुवाछूत प्रथा जातीय तहगत विभाजन भएको हाम्रो समाजमा पनि परम्परादेखि नै जकडिएर रहेको पाइन्छ । सबैखाले विकासको द्वार शिक्षा प्राप्त गर्नु आजको समयमा सबै मानवको नैसंर्गिक अधिकार हो । समाजको कुनै पनि बहानामा यसबाट कोही पनि व्यक्ति समुदाय जात जाति, वर्गलाई वञ्चित गर्नु हुँदैन । शिक्षामा समान अवसर ल्याउन र जातीय छुवाछूत प्रथा हटाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रयासहरू भएका छन् । सन् १९४८ मा मानवलाई जात धर्म, भाषा, लिङ्ग, समाज र सम्पत्ति वा अन्य

कुनै कुराको आधारमा भेदभाव गर्न नहुने भनी विश्वव्यापी मानव अधिकार घोषणापत्र जारी गरिएको थियो। नेपालले पनि उक्त कुरालाई स्वीकार गर्दै देशको संविधान र नियम कानुनमा मानव अधिकारको प्रत्याभूति दिने कुरा लेखेको छ। वि.सं २०२० सालको मुलुकी ऐनले जातीय छुवाछूत लाई कानुनी रूपमा बन्देज गऱ्यो। त्यसै अनुसार नेपाल अधिराज्यको संबिधान २०४७ को विभिन्न धारा तथा उपधारामा पनि समाजमा विद्यमान विविध भेदभाव तथा त्यसको बिरोधमा विविध नियम कानुनको व्यवस्था गरिएको छ। राष्ट्रिय एवं अन्तर्राष्ट्रिय मञ्च एवं सम्मेलनमा नेपाल सरकारले आफ्ना सम्पूर्ण नागरिकलाई जातजातिको आधारमा भेदभाव नगरी शिक्षा प्राप्त गर्ने अवसर दिलाउने प्रतिबद्धता प्रकट गरेको छ। यो उद्देश्य प्राप्त गर्नको लागि राज्य, समुदाय एवं परिवारले बर्षेनी ठूलो रकम लगानी गरेका छन्। सो उद्देश्य पूरा हुन अझै पनि सकेको छैन। विशेष गरी दलित समुदायका बालबालिका विद्यालय वाहिर छन्। शहर र गाउँका बिचमा, गरीव र धनीका बिचमा छोरा र छोरीका वीचमा पनि विद्यालय जाने र नजानेको सङ्ख्यामा ठूलो अन्तर छ। यिनै भौगोलिक, आर्थिक, सामाजिक तथा लैङ्गिक विभेदका कारण नेपालले आफ्ना सबै नागरिकलाई शिक्षा उपलब्ध गराउने दायित्व पूरा गर्न सकेको छैन। विशेष गरी विद्यालय पठाउने मामिलामा पनि छोरा र छोरी बिचमा नेपाली समाजमा चर्को भेदभाव हुने गरेको छ। यही भेदभावका कारण सबैको लागि शिक्षाको नारा चुनौती पूर्ण हुन पुगेको छ। २००७ साल देखि नै नारी शिक्षा प्रति केही ध्यान दिएको भएतापनि आवश्यक र उचित रणनिती तथा प्राथमिकता र प्रतिवद्धताको कमिका कारण अपेक्षित सफलता प्राप्त गर्न सकेको छैन। त्यसैले गर्दा अहिले पनि साक्षरता तथा महिला शिक्षा दुबै दृष्टिकोणबाट विकसित राष्ट्रको तुलनामा नेपाल निकै पछि परेको छ।

नेपाल सरकारले दलित जातिका बालबालिकालाई शिक्षामा पहुँच पुऱ्याउन विभिन्न कार्यक्रम सञ्चालन गरेको छ। नवौ योजना अवधिभर छात्रावृत्ति कार्यक्रम अन्तर्गत प्राथमिक विद्यालय छात्रवृत्ति, क्याम्पस छात्रावृत्ति, अपग्रेड छात्रावृत्ति जस्ता कार्यक्रम सञ्चालन गरिएको थियो। शिक्षाप्रति सकरात्मक अभिप्रेरणा जगाउन छात्रवृत्तिका कार्यक्रम, पौष्टिक आहार कार्यक्रम, पाठ्यपुस्तक र पोशाक वितरण जस्ता कार्यक्रम सञ्चालन गरिएतापनि प्राथमिक विद्यालयमा भर्ना उमेरका (६-१०) बालबालिकाहरूको खुदभर्ना दर ७२ प्रतिशत मात्र रहेको छ। प्राथमिक शिक्षा उमेरका भर्ना नभएका ३६

प्रतिशत मध्ये खास गरी उपेक्षित तथा दलित समूह र पिछडिएका वर्ग पाइएको छ। ( शिक्षा विभाग २०५८) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा यतिका प्रयास र छलफल हुँदाहुँदै पनि व्यवहारमा जन्मदेखि मृत्यु अवस्थासम्म अछूत र अशुद्ध रहने दलितहरू कुनै प्रक्रिया द्वारा पनि शुद्ध र उपल्लो जातिको स्तरमा उक्लने आधार छैन। चिल्लो कापी र कलम समात्ने दलित बालबालिकाका कलिला हातहरू दरिलो हसिया र हतौडाको बिढं समात्न तथा समाजमा कथित उपल्लो जाति तथा वर्गको घरमा भाँडा माझ्न बाध्य तुल्याएको अवस्था देखिन्छ। दलित बालबालिकाको शिक्षामा सहभागिता निम्न स्तरदेखि उपल्लो स्तरसम्म पुग्दा क्रमशः घट्दो क्रममा छ र उच्च शिक्षामा यो शुन्य नै छ। (सेरिड, २०५७)।

नेपाल अधिराज्य भरि नै कामी तथा दमाई समुदाय वाक्लो पातलो गरी छरिएर रहेका छन्। स्याङ्जा जिल्लामा पनि यी जातिहरू यसरी नै रहेको पाइन्छ। स्याङजा जिल्लाको सानो क्षेत्रमा गर्न लागिएको कामी तथा दमाई समुदायको बालबालिकाको शिक्षामा सहभागिता विषयक यस अध्ययनले थोरै भए पनि राष्ट्रिय रूपमा यी जातिको समस्या पहिचान गर्दै समस्या समाधानका लागि पहल गर्न सहयोग गर्नेछ भन्ने उद्देश्यले यो प्रस्ताव तयार गरी अध्ययन गरिएको छ।

## १.२ समस्याको कथन

समग्र हिन्दु समाज विशेषगरी नेपाली समाज तहगत जातीय विभाजनबाट जकडिएको छ। यहाँ मानवहरू जन्मकै आधारमा समाजमा फरक अवस्था तथा तहमा रहन्छन्। यही कारण मानव मानवमा असमान व्यवहार गरिन्छ। यस तहगत विभाजनमा कुनै जाति सामाजिक संरचनामा माथिल्लो अवस्थमा रहन्छ भने कुनै तल्लो स्थानमा रहन्छन्। यही तल्लो स्थान तथा तहमा रहने जातिहरू मध्ये कामी तथा दमाई पनि हुन। यिनीहरूको हरेक क्षेत्रमा पहुँच तुलनात्मक रूपमा निम्न रहन्छ। यिनीहरूलाई समाजमा समान अस्तित्व दिन विभिन्न नीति नियमको निर्माण भइसक्दा पनि यसको कार्यान्वयन पक्ष ज्यादै फितलो छ। विभिन्न पछ्यौटेपनका कारण शिक्षामा यिनीहरूको न्यून सहभागिता र सहभागि भएपनि वीचमा नै पढाइ छाड्ने प्रवृत्ति समाजमा विद्यमान छ। हरेक आमा बाबु आफ्ना बाबु नानीको उज्यालो भविष्यको कामना गर्दछन्। यसका लागि

जस्तो सुकै लगानी तथा चुनौतीको सामना गर्न तयार रहन्छन् । अध्ययन क्षेत्रमा निम्न लिखित आधारमा अध्ययन गरिएको थियो ।

- शैक्षिक सहभागिता कस्तो छ ?
- स्वयं दलित समूदायले पनि शिक्षाप्रति कस्तो चासो दिन्छन् ?
- दलित बालबालिकाले किन पढाइलाई निरन्तरता नदिई बिचमानै छाड्छन ?
- दलित समुदायको सरकारी निकायप्रति कस्तो धारणा छ ?

## १.३ अध्ययनको उद्देश्य

**सामान्य उद्देश्य**

- अध्ययन क्षेत्रमा दलित समुदायका बालबालिकाहरूको शैक्षिक सहभागिता बारे अध्ययन गर्नु रहनेछ ।

**विशिष्ट उद्देश्य**

- दलित बालबालिकाले पढाइलाई निरन्तरता नदिई वीचकक्षामा नै पढाइ छाड्नुका कारणहरू पत्ता लगाउने ।
- बालबालिकाले अध्ययनमा राख्ने चासोका वारेमा विश्लेषण गर्ने
- दलित समुदायको सरकारी निकायप्रतिको धारणाको विश्लेषण गर्ने

## १.४ अध्ययनको औचित्य

विशिष्ट रूपमा यो अध्ययन समाजशास्त्र विषयमा स्नातकोत्तर उपाधि प्राप्त गर्ने उद्देश्यले गरिएको हुनाले यसको प्रमुख महत्त्व यसैमा केन्द्रित रहेको छ। साथै विभिन्न रूपमा पछाडि पारिएका यी जातिहरूको शैक्षिक अवस्था कस्तो छ। किन पछाडि परे भन्ने कारण खोज्ने प्रयास गरिएको छ। सबैखाले विकासको सुरुवात तथा द्वार शिक्षा नै हो भन्ने कुरा वर्तमान समयमा अनुपयुक्त हुँदैन। शिक्षाको उज्यालो र न्यानो घामबाट वञ्चित कोही मानिस सही अर्थमा बुद्धिमान तथा सम्पन्न बन्न सक्दैन। सबै नागरिकलाई शिक्षामा सहभागी गराउन सरकारी तथा गैरसरकारी पक्षबाट भएको व्यापक प्रायसको बाबजूद पनि

स्कुल उमेरका बालबालिकालाई पूर्ण रूपमा शिक्षामा सहभागी गराउन नसकेको अवस्था छ। यसमा विशेष गरी दलित जातिका बालबालिका पर्दछन्। सानो क्षेत्रमा गर्न लागिएको यस अध्ययनले जटिल र महत्त्वपूर्ण रूपमा रहेको राष्ट्रिय सबाललाई उद्देश्यमा पुऱ्याउन थोरै भएपनि सहयोग पुग्ने आशा गरिएको छ। साथै यस अध्ययनवाट आएको निष्कर्षले दलितको शिक्षामा भएको सहभागिताको अवस्था पत्ता लगाउन र शिक्षामा सहभागिता बढाउन केही भए पनि मदत पुऱ्याउने छ। प्रांज्ञिक क्षेत्रमा यस अध्ययनले सघाउनेछ। यस अध्ययनको निष्कर्षले यस संवन्धित अध्ययन अनुसन्धान गर्नेलाई केही जानकारी दिनेछ। यस अध्ययनले जिल्ला स्तरमा विकास सम्बन्धी कार्य योजना तयार पार्न, शैक्षिक सहभागिता वृद्धि गर्न, सरकारी संघ संस्था तथा व्यक्तिलाई अगाडि अध्ययन गर्न सहयोग पुऱ्याउने तथा विद्यमान समस्यालाई उजागर गर्दै थप अनुसन्धानको लागि बाटो देखाउने आशा गरेकोछु।

## १.५ अध्ययनका सीमाहरू

- यो अध्ययन स्नातकोत्तर उपाधिको लागि मात्र गरिएको हो।
- ११ नं. वडामा बसोबास गर्ने कामी तथा दमाई समुदायको मात्र अध्ययन गरिएको छ।
- यसबाट निकालिएको निचोड अन्यत्र लागु नहुन सक्छ।
- स्रोत साधन तथा आर्थिक अभाव जस्ता कारणले ११ वडाका २३ घर कामी र ४८ घर दमाई समुदायको जम्मा ७१ घरको मात्र अध्ययन गरिएको छ।
- यिनीहरूको बारेमा विभिन्न पक्षमा अध्ययन विश्लेषण गर्न आवश्यक भए पनि उद्देश्यमा किटान गरिएको वाहेक अन्यलाई समावेश गरिएको छैन।

## १.६ अनुसन्धानको संगठनात्मक ढाँचा

अध्याय एकमा परिचय अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, औचित्य, अध्ययनको सीमा, अनुसन्धानको संगठनात्मक ढाँचाको बारेमा व्याख्या गरिएको छ।

अध्याय दुईमा नेपालको सन्दर्भमा दलित जाति, नेपाली समाजको जातीय विभाजन साहित्यिक पुनरावलोकन, समाजशास्त्र र शिक्षा, द्वन्द्वात्मक दृष्टिकोण र पूर्व अध्ययनको समीक्षा गरिएको छ ।

अध्याय तीनमा अध्ययन क्षेत्र र यसको छनोटको औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्कको प्रकृति र स्रोत, तथ्याङ्क सङ्कलनका तरिकाहरू र तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण राखिएको छ ।

अध्याय चारमा कार्य क्षेत्रको परिचय, दलित समुदायको जानसाङ्ख्यिक, आर्थिक, सामाजिक अवस्था तथा पारिवारिक विवरण, पेसा, जमिन, कृषि उत्पादन र त्यसले खान पुग्ने समय, आम्दानी, उमेर संरचना, अभिभावकको शैक्षिक स्थिति तथा धर्म सम्बन्धी विषयमा प्रस्तुत गरिएको छ ।

अध्याय पाँचमा दलित बालबालिकाको शिक्षामा सहभागिता, कक्षागत सहभागिता, उनीहरूले पढाइमा दिने चासोको बारेमा, बालबालिकाले कक्षा छाड्ने कारण, उनले अध्ययन गर्ने सरकारी निजी स्कुल आदिको बारेमा व्याख्या गरिएको छ ।

अध्याय सातमा सारांश, उपलब्धि, निष्कर्ष समेटिएको छ । यस अध्ययनको उद्देश्य प्राप्तिको लागि विभिन्न स्वदेशी, विदेशीहरूको पुस्तक र रचनालाई अध्ययन गरी सन्दर्भ सूचीमा राखिएको छ । यसको अन्त्यमा अध्ययन स्थलमा गरिएको प्रश्नावलीलाई समेत राखिएको छ ।

# अध्याय दुई
# साहित्यिक पुनरावलोकन

## २.१ अवधारणा

शिक्षा भन्ने शब्द ल्याटिन भाषाको “Educare” बाट आएको हो । जसको अर्थ ‘bring up’ बाहिर निकाल्नु भन्ने हुन्छ । यसरी व्यक्तिमा लुकेर रहेको क्षमतालाई बाहिर निकाल्नु र क्रमशः विकसित गर्नुलाई नै शिक्षा भनिन्छ । शिक्षाको महत्त्व दिनानुदिन बढ्दै गइरहेको छ । आजको विश्वमा प्रविधिले धेरै नै फरक पारेको छ । सूचना, सञ्चार, कम्प्युटरबाट अगाडि बढीरहेको छ । मानवले विभिन्न यन्त्र निर्माण गरी नयाँ किसिमबाट कामहरू गराउन सफल भएको छ । शिक्षाले सामाजिक, सांस्कृतिक परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ (सुवेदी, २०६७ : १२) ।

### २.१.१ दलित जाति

दलित शब्दको उत्पत्ति, संस्कृत धातु दलबाट भएको हो । जसको अर्थ फुटाउन, टुक्राउनु, कुल्चनु हुन्छ । दलित शब्दको साबिक अर्थ फुटाएको, ढालिएको, दमन गरिएको थिचिएको, पिसिएको सम्पूर्ण जातीय समुदायलाई बुझाए पनि वर्तमान समयमा धर्म, राज्य, सत्ता र कानुनको आधारमा सयौ वर्ष देखि सामाजिक रूपमा अछूत पारिएका समुदायलाई जनाउँछ । (जन उत्थान प्रतिष्ठान, २०५९) । नेपाल जस्तो बहुजातीय र गरिब मुलुकमा उपेक्षित, उत्पीडित र दलित वर्गको पहिचान गर्न नेपाल सरकारले २०५४ मा यस वर्गको परिभाषा निम्नानुसार गरेको छ :उपेक्षित, उत्पीडित, दलित वर्ग भन्नाले परम्परागत रूपमा व्यवसाय संचालन गरी जीविका गरिरहेका आर्थिक, सामाजिक वा अन्य कुनै पनि कारणले उपेक्षित उत्पीडित र दलित हुन पुगेका नेपाल सरकारकाले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएका जातजाति वर्ग सम्झनु पर्छ । ( यादव २०५९) । शताब्दि देखि जातीय शोषण र उत्पीडिनको कारण यिनीहरूको सामाजिक

ढाँचा गतिहीन रहेको छ। यो नै यिनीहरूको सर्वाङ्गीण विकासको लागि प्रमुख बाधक भएको छ। यिनीहरूलाई यो अवस्थाबाट बाहिर निकालेर समान रूपमा देशको उन्नतिमा सहभागी बनाउन हामी सबै देशभक्त बुद्धिजीवी तथा सामाजिक कार्यकर्ताको कर्तव्य हुन आउँछ (तामाङ,२०५०)। उनीहरूलाई शिक्षा र राजनीतिक भेदभाव र जोरजुलुमको कारणले उनीहरूमा सिर्जना भएको पछौटेपनको निमित्त के कस्तो क्षतिपूर्ति र उपचार हुन सक्छ त्यसबारे गम्भीरतापूर्वक राज्यले विचार गरी कदम चाल्नु पर्छ (शाह, २०५१)।

समाज विकासको शुरुवातमा मानिस सँग आफू वाहेक आफ्नो भन्नु केही पनि हुँदैनथ्यो। परिवार, जाय जेथा जस्ता कुराहरूमाथि समाजको कुनै पनि सदस्यको कुनै पनि प्रकारको निजी स्वामित्वको प्रचलन थिएन। त्यसैले त्यस युगमा तेरो मेरो, धनी गरीब, शोषित र छुवाछुत जस्ता कुराहरूको गन्ध समेत पनि थिएन। सामूहिक रूपमा एक ठाउँमा बसेर आफ्नो सुरक्षा गर्ने र सामूहिक श्रमद्वारा खाद्य सामग्रीको खोजी गरी बाडेर खाई जीवन धान्नुको अतिरिक्त त्यस समाजले अरु कुनै पनि कार्य गरिरहरनु आवश्यक थिएन (के.सी.२०५६)। इ.पू १२०० को आसपासमा प्रारम्भिक रूपमा भएको श्रम विभाजन अनुसार चार खाले श्रमको आधारमा समाजलाई चार वर्णमा छुट्याउन थालिएको थियो। फलतः आज भारत र नेपाली समाजमा विभिन्न वर्ण र जात जातिको शृङ्खला विस्तार भएको छ। (अम्बेडकर १९९०)

ब्राह्मण र क्षेत्री (मतबाली क्षेत्री समेत) मात्र होइन नृतत्व शास्त्र बमोजिम आज नेपालमा कामी, दमाई, सार्की आदि (अछूत) जाति (उत्पीडित, सताइएको वा दुःख दिइएको बर्ग) का रूपमा चिनिन्छन्, ती समेत आर्य थिए। यी सबैको गोत्र, धार्मिक, सांस्कृतिक, परम्परा शारीरिक वनावट आदिमा केही पनि फरक छैन (राई,२०५३)।

## २.१.२ नेपाली समाजको जातीय विभाजन

राष्ट्रिय जनगणना २०५८ अनुसार नेपालको जनसङ्ख्या २३१५१४२३ रहेको छ जसमा सबै जातजाति, भाषाभाषी र धर्मावलम्बीहरू समावेश भएका छन्। जसमा २९४६६५२ जम्मा दलित जनसङ्ख्या समावेश छन्। (कार्की २०६८)

हाम्रो सामाजिक संरचनामा वर्णव्यवस्थाको सुरुवात उपत्यकामा राजा जयस्थिति मल्लको पालाबाट र पहाडे राजाहरूमा गोरखाकाराजा रामशाहको पालादेखि नै लागु भएको पाइन्छ। उनीहरूले समाज सुधार गर्ने नाउँमा हाम्रो समाजलाई विभिन्न जात र पेसामा विखण्डन गरेका थिए। कालान्तरमा पश्चिम भेगमा गैरहिन्दू राज्यहरू हिन्दूकरण ( खस राज्य) घले राज्य, पश्चिममा मगरात राज्य) हुँदै गएपछि त्यसको साथसाथै वर्ण व्यवस्था नेपाली समाजमा पनि विस्तारित हुँदै गयो। अठारौ शताब्दीमा गोरखाली राजा पृथ्वीनारायण शाहको नेतृत्वमा एकिकृत नेपाल राज्य स्थापना हुँदा उनको नेपाललाई चार जात छत्तीस वर्णको फुलबारी भन्ने उक्तिबाट नेपाली समाजमा पनि वर्ण विभाजनको पूर्ण प्रभाव परिसकेको स्पष्ट हुन्छ। विविधजातजाति रहने हाम्रो नेपाली समाज विभिन्न रूपमा विभाजित तथा तहगत खण्डित भएको पाइन्छ। आर्थिक रूपमा धनी गरीब, चेतनाको दृष्टिकोणले शिक्षित अशिक्षित तथा जातीय रूपमा ठूलो सानो या माथिल्लो तल्लो आदि विविधरूपमा समाज विखण्डित छ। यी प्रत्येक विभाजनमा समाज समस्याग्रस्त रूपमा रुमलिएको छ। आपसमा टकरावको स्थितिबाट गुज्रिरहेको पाइन्छ। एउटा पक्ष अगाडि छ भने अर्को पछाडि त्यस्तै एउटा संचालक छ भने अर्को सञ्चालित छन्। त्यस्तै माथिल्लो र तल्लो जात बिच पनि यस्तै अवस्था देख्न सकिन्छ। उपल्ला जातिहरूको समाजमा राम्रो हैसियत रहन्छ भने निम्न जातिको अवस्था  दयनीय रहेको पाइन्छ। (विश्वकर्मा २०५४)

हाम्रो सिङ्गो नेपाली समाजलाई केवल एउटै जातीय दृष्टिकोणबाट तहगत विभाजन तथा विश्लेषण गरिएको छ।

- तागाधारी
- मतबाली
- पानी नचल्ने तर छोइछिटो हाल्न नपर्ने
- पानी नचल्ने छोइछिटो हाल्न पर्ने (प्रयाङ्गराज शर्मा (१९७७ )

**तागाधारी**

यस जात समूहमा पूर्ण मानव या आफ्नो जातीय तह प्राप्त गर्न विशेष विधि पुऱ्याएर वर्तबन्ध गरी जनै लगाएका पर्दछन। यिनीहरूलाई दुई पटक जन्मने जात भनेर भनिन्छ। यसमा निम्न जातहरू पर्दछन्: ब्राह्मण, क्षेत्री, ठकुरी आदि।

**मतवाली**

यस जात अर्न्तगत परम्परा देखि नै जाँड रक्सी खान छुट पाएका जनजातिहरू पर्दछन् । यिनीहरूले अवलम्बन गर्ने विशेष संस्कारमा जाँड रक्सी आवश्यक पर्छ । यसमा विशेष गरी मगर, गुरुङ, राई, लिम्बु, नेवार, आदि पर्दछन् ।

**पानी नचल्ने तर छोइछिटो हाल्न नपर्ने**

यी जातहरू सँग समाजमा कथित माथिल्लो जातका मानिसले पानी, खानेकुरा छोइन्छ भन्ने धारणाले लेनदेन गर्दैनन् । तर मानिस छोइएमा छिटो हाल्न पर्दैन । धोवी, कुसुले, कुलू जस्ता जातिहरू यसमा पर्दछन् ।

**पानी नचल्ने छिटो हाल्न पर्ने**

यी जातिहरूसँग समाजमा अन्य कथित उपल्ला जातिहरूले पानी लगायत केही खाने कुरा छुँदैनन् । मानिस छोइएमा पनि छिटो हाल्नु पर्छ । जस्तै कामी, दमाई, सार्की आदि यस जातिमा पर्दछन् । (शर्मा १९७७ )

यसरी जात, सामाजिक गतिशिलता तथा साँस्कृतिककरण नामक पुस्तकमा समाजका समान जनसमूहलाई अव्यवस्थित जातीय रूपमा तहगत विभाजन गरिएको छ । प्रयागराज शर्माद्वारा गरिएको समाजको उक्त किसिमको व्याख्या तथा तहगत जातीय विभाजनको विश्लेषणको आधार पुरानो मुलुकी ऐन हो । यसैको आडमा समाजमा स्तरकृत भावना मौलाउने अवसर पाएको छ । राणाकालिन समयमा समाज सुधारको नाममा जारी गरिएको उक्त ऐनले समाजमा अर्न्तनिहित जातीय द्वन्द्व तथा विभेदलाई झन् बढाउने काम गरेको पाइन्छ । यस ऐन अनुसार जातजाति अनुसारको दण्ड जरिवाना समेत भोग्दै आएका यी जनसमूहले (दलित) राजा महेन्द्रकालिन शासन व्यवस्थामा मात्र कानुनी रूपमा सामाजिक समानताको हक अधिकार प्राप्त गरे पनि व्यवहारिक रूपमा समानता पाउन अझै असफल देखिन्छन् ।

दलितको शिक्षामा सहभागितालाई विभिन्न सैद्धान्तिक आधारबाट पनि अध्ययन गर्न सकिन्छ । सामाजिक व्यवस्था र यसको परिवर्तनका सम्बन्धका बारेमा अध्ययन तथा विश्लेषण गर्न विभिन्न समाजशास्त्रीय सिद्धान्त प्रतिपादन भएका छन् ।

## २.२ सैद्धान्तिक समीक्षा

### २.२.१ समाज शास्त्र र शिक्षा

वर्तमान समयमा विकास भएको शिक्षा, विज्ञान र प्रविधिले समाजमा युगान्तकारी परिवर्तन ल्याएको छ। शिक्षाकै माध्यमबाट मानिसको स्थितिमा सुधार, जनसंङ्ख्या बृद्धिबाट हुने असर बारेका ज्ञान, पुरातन र रूढिग्रस्त मान्यताप्रतिको विश्लेषण, लैङ्गिक समानताका कुराहरू विश्व परिवेश र घटनाक्रम बारेको सूचनाको ज्ञान दिन्छ र वास्तवमा के गर्न हुन्छ, के गर्न हुँदैन भन्ने सम्पूर्ण पक्षको ज्ञान शिक्षाबाट नै प्राप्त हुन्छ। यसैले शिक्षाबाट अगाडि बढेको समाजमा छिटोछिटो परिवर्तन आउँछ। एउटा शिक्षित र अशिक्षित परिवारको बिच सामान्य तुलना गर्दा पनि विभिन्न फरकफरक स्थिति देखिन्छ। शिक्षित परिवार बढी आधुनिक र वैज्ञानिक प्रवृत्तिको हुन्छ। विज्ञानको चमत्कारी अन्वेषण र प्रसार पनि शिक्षाबाट सम्भव छ। यसैले शिक्षा सामाजिक विकासको र सामाजिक परिवर्तनको महत्त्वपूर्ण आधारभूत विषय हो। यस समग्र प्रक्रियाले सांस्कृतिक आदान प्रदानलाई सहज र व्यापक बनांउछ। यसबाट समाज र संस्कृतिमा परिवर्तन आउँछ।

शिक्षाले सामाजिक स्तरीकरणमा प्रभाव पार्दछ। शिक्षाले व्यक्तिको जीवनको स्तरमा परिवर्तन गराउन आजको समाजमा धन सम्पतिमात्र थुपारेर समाजको माथिल्लो तहमा पुग्न अति नै विघ्नबाधाको सामना गर्नु पर्दछ। समाजमा इज्जत प्राप्त गर्न वा सम्मानजनक गतिशिलता उकास्न वर्गीय उचाइले सहयोग नगरेर शैक्षिक गहनता वा तत्त्वले सघाउँछ। शिक्षा र समाजशास्त्रबिच गहिरो सम्बन्ध छ। समाजशास्त्र सबै किसिमका सामाजिक गतिविधिमा केन्द्रित रहन्छ। यसको क्षेत्र सानो छ। समाजशास्त्र सामाजिक विज्ञान हो भने शिक्षा एउटा भाग हो। त्यसकारण शिक्षा समाजशास्त्रको एउटा शाखा हो जस्तो देखिन्छ। त्यसकारण समाजशास्त्रको नयाँ शाखा "शिक्षाको समाजशास्त्र" स्थापित हुँदै गइरहेको छ। यसले शिक्षा संस्कृतिको स्थानान्तरणको महत्त्वपूर्ण कारक तत्त्व बन्दछ। यसका साथै शिक्षाको कार्यगत महत्त्वलाई यसले अध्ययन गर्दछ। शैक्षिक समाजशास्त्रले विद्यालय सङ्गठनको अध्ययन र विद्यालय र सामाजिक संरचना (वर्ग, परिवार, छिमेकी) को अध्ययनमा जोड दिन्छ। (वाग्ले,कार्की २०६१)

शिक्षा र समाजशास्त्र आपसमा अन्तरसम्बन्धित छन् । शिक्षा समाजको अति नै महत्त्वपूर्ण आधार संस्था हो । शिक्षा बिनाको समाज र असल समाज बिनाको एक मानिस पूर्ण मानिस बन्न सक्दैन । निश्चित किसिमको शिक्षा विद्यालयबाट आर्जन गरे पनि त्यसलाई सही रूप दिने काम समाजकै हो । शिक्षा क्षेत्र यस्तो व्यापक छ जसलाई कुनै पनि पक्षसँग सम्बन्धित गराउन सकिन्छ । समाजशास्त्रका पिता August comte का अनुसार समाज र समाजका सदस्य बिच अन्तरसम्बन्ध हुन्छ । समाजको व्यक्तिलाई शिक्षित बनाउने काम पनि समाजकै हो । यस अर्थमा समाजको शैक्षिक संस्थाहरूसँग सम्बन्ध केलाउने र अध्ययन गर्ने क्षेत्रलाई शिक्षा समाजशास्त्र भनिन्छ । यसै अनुसार E. Gorge Payne का अनुसार समाजका आवश्यकता, तथ्य र समाजशास्त्रको अध्ययन विना समाजले खोजेको व्यवहार मानिसले सिक्न सक्दैन । उक्त व्यवहार नसिकेसम्म एउटा व्यक्ति समाजमा मिलेर बाँच्न गाह्रो हुन्छ । John Deway ले आफ्नो पुस्तक र सिद्धान्त मार्फत शिक्षा र समाज बिचको सम्बन्ध प्रष्ट पारेका छन् । E. Durkheim ले पनि शिक्षालाई समाजकै अंगका रूपमा लिएका छन् । शिक्षा समाजशास्त्रले शिक्षा र समाज भित्रका अन्य पक्षबिच तुलनात्मक अध्ययन गर्छ । (वाग्ले,कार्की २०६१)

विश्व आज २१ औं शताब्दीको समयमा हिडिरहेको विज्ञान प्रविधिको युग, प्रजातन्त्र र समाजवादको युग आदि नामले संबोधन भइरहेको परिप्रेक्ष्यमा हाम्रो देशको सामाजिक अवस्था जातीय भेदभाव,शिक्षाको कमी र छुवाछुत जस्ता मानवहित विरुद्धको संस्कारबाट ग्रसित छ ।

### २.२.२ द्वन्द्वात्मक दृष्टिकोण

समाज परिवर्तनशील छ । हिजोका असम्भव तथा असहज कुरा आज भइरहेका छन् । यसको मुख्य कारण समाजमा अन्तरनिहित विभिन्न तत्त्व बिच हुने कलह र अन्तर द्वन्द्व हो । हरेक मानिस तथा संस्था अगाडि बढ्न विरोधीको भावनालाई दबाउनु पर्छ । एउटै पदमा दुई व्यक्ति रहन सक्दैनन् । सीमित साधन स्रोतले सबै जनमानिसको इच्छा आकांक्षा पूरा गर्न सक्दैन । विभिन्न कारणले समाजमा द्वन्द्व चल्छ । द्वन्द्वपछि एक पक्ष अगाडि बढ्छ  उसको नीति नियम बमोजिम अर्को पीडित पक्ष चल्नु पर्छ । फलतः

समाजमा परिवर्तन हुन्छ । द्वन्द्वमा आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक, धार्मिक तथा वैचारिक आदि पक्ष समेटीएको हुन्छ । विभिन्न जात जातिबिच, वर्ग वर्गबिचको टकरावको स्थितिलाई द्वन्द्व भनिन्छ । आफ्नो चाहना पुरा गर्न मानिस द्वन्द्वमा होमिन्छ । द्वन्द्वले विरोधाभास, टकराब, तनाव तथा शत्रुता दुरता जस्ता पक्षको अध्ययन गर्छ । यस सिद्धान्तको ऐतिहासिक सन्दर्भलाई नियाल्दा मानव इतिहासको प्रारम्भ कालसम्म पुग्न सक्छौ । मानव इतिहासको निर्माण द्वन्द्वबाट नै भएको थियो । इ.पू ३०० वर्ष अघि कौटिल्यले आफ्नो अर्थशास्त्रमा द्वन्द्वको चर्चा गरेको कुरा मार्टिनडालले उल्लेख गरेको पाइन्छ । यसै गरी प्राचीन ग्रीकका हेराक्लिटस अनि सोफिष्टस जस्ता विद्वान्ले द्वन्द्वलाई सामाजिक तत्त्वको रूपमा उल्लेख गरेको पाइन्छ । हामी अरविक चिन्तन इवान खाल्डुनसम्म पुग्न सक्छौ । जसले घुमन्ते व्यक्ति र कृषकको बिचमा द्वन्द्व भएको कुरालाई उल्लेख गरेका छन् । चार्ल्स डार्विनको प्राणी उत्पत्तिको सिद्धान्तले पनि द्वन्द्वात्मक उपागमनको उदयमा सहयोग पुऱ्याएको देखिन्छ । मानिसमा रहेको भौतिकवादी चिन्तनका कारण समाजको घटनालाई भौतिकवादी दृष्टिकोणबाट व्याख्या गर्न थालियो । फलस्वरूप द्वन्द्वात्मक सिद्धान्त देखा पर्न थाल्यो । (अर्याल, २०६२)

द्वन्द्वात्मक सिद्धान्तका प्रमुख व्यक्तित्व कार्ल मार्क्सलाई यस परिप्रेक्ष्यमा अलग गर्न सकिँदैन । जबकि यिनले मुख्य गरी आर्थिक कारणले उत्पन्न हुने वर्गीय द्वन्द्वलाई जोड दिन्छन् । जबकि वर्गीय द्वन्द्व द्वन्द्वात्मक सिद्धान्तको एक पक्ष मात्र हो । मार्क्सको द्वन्द्वात्मक भौतिकवादले संसारका भौतिक पदार्थबाट चेतनाको विकास हुने कुरालाई जोड दिन्छ । प्रत्येक समाज कुनै न कुनै किसिमको द्वन्द्वबाट प्रभावित छ । प्रत्येक द्वन्द्वमा एक पक्ष संचालकको रूपमा रहन्छ भने अर्को पक्ष शोषित, संचालित रूपमा रहन्छ । जातीय द्वन्द्वमा उपल्लो जातले तल्लो जातिलाई संचालन, शोषण गर्छ, वर्गीय द्वन्द्वमा पनि धनीले गरिब माथि शोषण, हेयको भावनाले हेर्छ । त्यस्तै लैङ्गिक द्वन्द्वमा केही अपवादमा बाहेक पुरुषले महिलाप्रति शोषणको भावना देखाउँछन् । यसरी सबै समाज सधै कुनै न कुनै द्वन्द्वबाट प्रभावित छ । फलतः समाजमा परिवर्तन देखिन्छ । आन्तरिक तथा बाह्य जुनसुकै खालको द्वन्द्व समाजमा संचालन भए पनि परिणाममा सानो ठूलो परिवर्तन हात पर्छ । यो व्यक्ति, समाज, राष्ट्र परिवार जहाँ पनि हुन सक्छ । एउटा व्यक्ति भित्र पनि अनगिन्ती विचार, इच्छा आकांक्षा मडारिन्छन् । विचारहरूको उतार चढाव चल्छ र पछि अन्तिममा जुन

विचार राम्रो, बलियो छ त्यही विचारको विजय हुन्छ। व्यक्ति त्यही अनुसार संचालित हुन्छ। यही अवस्था परिवारमा रहन्छ। एउटा संयुक्त परिवारमा पनि विभिन्न अन्तरद्वन्द्व, कलहका कारण विघटन भई एकल परिवारमा परिणत हुन्छ। त्यस्तै देशमा पनि विभिन्न खालका द्वन्द्व कलहका कारणले गर्दा समाज, देश यो अवस्थामा आएको हो। आजको विभिन्न द्वन्द्वका कारण भोलि अर्को नयाँ संस्कार परिपाटी सहितको समाज भित्रिन्छ। ( अर्याल २०६२)

## २.३ पूर्व अध्ययनको समीक्षा

यस अध्यायमा यससँग सम्बन्धित पूर्व अध्ययनहरूको समीक्षा गरिएको छ। स्याङ्जाको पौवेगौडे गा.वि.स.का कामी जातिको अध्ययनमा सो जातिको शैक्षिक अवस्था ज्यादै न्यून पाइएको छ। उनका अनुसार कामी जातिको बालबालिका काम गर्न सक्ने उमेर भएपछि स्कुल नगई भाइ बहिनी हेर्ने, मेलापात जाने तथा भारतमा कामको खोजीमा जाने गरेको पाइएको छ (कार्की,२०४७)। दलितहरूको राजनीतिमा सहभागिता विषयक अध्ययनमा अर्घाखाँची हंसपुर गा.वि.स.का दलितहरूको आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक परिवेशका साथै सो गा.वि.स. का दलितहरूको शैक्षिक स्तर उल्लेख गरिएको छ। जसमा तल्लो कक्षाबाट माथिल्लो कक्षामा जाँदा दलित जातिका विद्यार्थीहरूको सङ्ख्या कम छ। दलित अभिभावकको शिक्षा प्रति कम चासो हुनुको प्रमुख कारण आर्थिक अवस्थालाई देखाइएको छ (सुनार,२०५८)। स्याङ्जाको एक गा.वि.स.को प्रा.वि.मा दलित बालबालिकाको शैक्षिक स्थितिको अध्ययनमा अन्य जातिको तुलनामा दलित जातिका बालबालिकाको भर्ना दर कम रहेको जनाएका छन् । (ढुङ्गाना, २०६६)।

तनहूँ जिल्लाको गजरकोट गा.वि.स.मा दराई जातिको आर्थिक अवस्थाले शैक्षिक उपलब्धिमा प्रभाव पारेको बताइएको छ। दराईहरूको लागि स्कुलमा पठाउन लाग्ने खर्च समस्या नभई घरको दैनिक खर्च आर्जन गर्नु नै ठूलो समस्या रहेको छ। नियमित स्कुल उपस्थित हुन नसक्दा फेल हुने क्रम दोहोरिनु र ठूलो उमेरमा पनि सानो कक्षा पढ्दा अप्ठ्यारो महशुस भई पढाइ छाड्ने दर बढेको छ (वाग्ले, २०६८)। डोल्पाली त्रिपुराकोट क्षेत्रका दलितहरू कृषि कर्म, कृषि मजदुरी र हिमाली जडिबुटी सङ्कलन गरी जिविका धानिरहेका छन्। दलित समुदाय पनि विवाह पश्चात् एकल परिवारमा परिणत हुने

प्रचलनले संयुक्त परिवारको राम्रा पक्ष हराउदै गएको, सरसफाईमा ध्यान कम भएकोले सामाजिक स्थिति समस्या ग्रस्त देखिन्छ । (डिर्पाटमेन्ट अफ सोसीओलोजि एण्ड एन्थ्रोपोलोजि, २०१२) ।

शिक्षासँग परिवारको राजनीतिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष, आर्थिक पक्ष, धार्मिक पक्ष र मनोवैज्ञानिक पक्षले अन्तर प्रभाव पार्ने उपरोक्त पक्ष छात्राको शिक्षाप्रति सकरात्मक रहेमा छात्रहरूको उच्च शिक्षामा सकरात्मक उन्नति, क्षमता विकास र रोजगारी पहुँचमा सबलता आउने स्थिति देखिएको छ। उपरोक्त पक्ष छात्रा शिक्षाप्रति नकरात्मक रहेमा छात्राहरूको उच्च शिक्षामा नकरात्मक प्रभाव, क्षमता विकास र रोजगारी पहुँचमा समेत शिथिलता आउने नतिजा देखाएको छ। किहूँ क्षेत्रका मगर छात्राहरूको शैक्षिक पहुँच सबल नहकुनुमा शोधकर्ताले छात्राहरूका आमा हरू पनि शैक्षिक स्थितिमा कमजोर भएकोले मातृभाषामा शिक्षाको अवसर नभएकोले र घरबाट विद्यालयको दुरी टाढा भएकोले, चाडै विवाह गर्ने सामाजिक प्रचलनले मगर छात्राहरूको शैक्षिक स्थितिमा नकरात्मक प्रभाव पार्छ । (डिर्पाटमेन्ट अफ सोसीओलोजि एण्ड एन्थ्रोपोलोजि २०१२) ।

श्री मातृभूमि उ.मा.वि. पुतली बजार नगरपालिका ११ स्याङ्जाका मगर छात्राको शैक्षिक अवस्था र उनीहरूका शैक्षिक स्तरलाई सांस्कृतिक, भौगोलिक तथा आर्थिक अवस्थाले प्रभाव पारेको हुन्छ भन्ने कुरा आपनो सोधमा देखाएकाछन् । पारिवारिक संरचना अनुसार एकल परिवार भन्दा संयुक्त परिवारमा अध्ययनको अवसर कम पाउने, अभिभावकको न्यून आर्थिक तथा शैक्षिक अवस्थाको कारणले छात्राहरूको शैक्षिक स्तर कमजोर हुन गएको देखाएका छन् । छात्राहरूको आमाहरूको शैक्षिक स्तर अत्यन्तै कमजोर भएकाले पनि छात्राहरू कमजोर हुन पुगेको पाइन्छ। न्युन आर्थिक अवस्था भएकै कारण घरको सबै काममा सहभागी हुन परेको कारणले गर्दा अध्ययनमा धेरै समय दिन नपाएको कुरा बाहिर आएको छ। मगर समुदायको आफ्नो विभिन्न किसिमका मेला, बजार, खेलकुद विवाह, मृत्यु आदि जस्ता संस्कारमा सहभागी हुँदा पनि अध्ययनमा बाधा पुगेको कुरा उक्त अध्ययनमा खुलाइएको छ। ( मगर, २०६८) ।

नेपाल सरकारले दलित जातिका बालबालिकालाई शिक्षामा पहुँच पुऱ्याउन विभिन्न कार्यक्रम सञ्चालन गरेको छ। नवौं योजना अवधिभर छात्रावृत्ति कार्यक्रम अर्न्तगत

प्राथमिक विद्यालय छात्रावृत्ति, क्याम्पस छात्रवृत्ति, अपग्रेडिङ छात्रवृत्ति जस्ता कार्यक्रम सञ्चालन गरिएको थियो। शिक्षाप्रति सकरात्मक अभिप्रेरणा जगाउन छात्रवृत्ति कार्यक्रम, पौष्ठिक आहार कार्यक्रम, पाठ्यपुस्तक र पोशाक वितरण जस्ता कार्यक्रम गरिएतापनि प्राथमिक विद्यलायमा भर्ना उमेरका (६-१०) बालबालिकाहरूको खुद भर्ना ७२ प्रतिशत मात्र रहेको छ। प्राथमिक शिक्षा उमेरका भर्ना नभएका ३६ प्रतिशत मध्ये खास गरी उपेक्षित तथा दलित समूह र पिछडिएका वर्ग पाइएको छ (शिक्षा विभाग, २०५८)।

दलित जातिका केटाकेटीहरू विद्यालयमा भर्ना नगरिनुका कारणहरू मध्ये सामाजिक कारण प्रभावकारी रूपमा देखा परेको पाइन्छ। समाजमा कथित उच्च जातिका मानिसहरूले निम्न जातिका मानिसलाई छुवाछूतको मानसिकता देखाउने र समाजमा तल्लो भनिएका जातिमाथि दमन गर्ने उनीहरूलाई कुनै सामाजिक क्रियाकलापमा भाग लिँदा पनि हिनताबोधको स्थिति पैदा गराउने गरिन्छ। साथी भाइ, दौतरी, शिक्षक र विद्यालय प्रशासनद्वारा सामाजिक भेदभाव गरिन्छ (सेरिड २०५६, विश्वकर्मा, २०५६, खत्री २०५७)।

नेपाल एक विकासशील मुलुक हो। गरीबका कारणले शिक्षा सबैको पहुँचमा र सर्बसूलभ बन्न सकेको छैन। विगतका वर्षहरूमा सरकारी स्तरबाट विद्यालयमा भर्ना शुल्क, मासिक शुल्क र अतिरिक्त शुल्क लिइँदै आएको देखिन्छ। यी शुल्कहरू विद्यालयमा तिर्न नसकेका कारणले गर्दा दलित अभिभावकहरूले आफ्ना बालबालिकालाई विद्यालयमा भर्ना गराएका छैन (चलाउने २०५७)। यसका अतिरिक्त अधिकांश दलित जातिका अभिभावकहरूले विद्यालयका लागि चाहिने पाठ्यपुस्तक कापी, कलम शैक्षिक सामग्री, विद्यालय पोशाक जस्ता अत्यावश्यक कतिपय कुराहरू आफ्ना बालबालिकालाई समयमा पुऱ्याउन नसक्ने हुँदा पनि आफ्ना बालबालिकाहरूलाई विद्यालय भर्ना गर्दैनन् (खत्री, २०५७)। परिवारमा शिक्षाप्रति उदासिनता र परिवारमा विद्यालय उमेरका केटाकेटीको सङ्ख्या धेरै भएका कारणबाट ती सबै केटाकेटीहरूलाई विद्यालयमा भर्ना गर्न कठिनाइ उत्पन्न भएको देखिन्छ (विश्वकर्मा, २०५६,चलाउने, २०५७)।

नेपाल सरकारले पिछडिएका तथा दलित जातिका बालबालिकालाई विद्यालय स्तरको शिक्षामा निरन्तरता दिने उद्देश्यले विभिन्न सहुलियत जस्ता कार्यक्रम सञ्चालन गर्दै आएपनि प्राथमिक तह उत्तीर्ण गर्ने मध्ये केवल ३ प्रतिशत दलित बालिकाहरू मात्रै

माध्यमिक विद्यालयमा जान्छन् । उच्च शिक्षा पढ्ने दलितहरूको सङ्ख्या प्रायः न्यून छ । यसै गरी विद्यलाय तहमा पढ्ने अन्य जातिका तुलनामा दलित जातिका बालबालिका विद्यालय छाड्ने दर बढी नै छ । विद्यालय छाड्ने दरमा तराईमा ४६ प्रतिशत, पहाडमा ४२.४ प्रतिशत र हिमालका ३० प्रतिशत बालबालिका गरिबीका कारणले विद्यालय छाड्छन् (सेरिड,२०५७) ।

अछूत जातिहरू सुँगुर पाल्ने तथा उच्च जातिहरू गाई भैसी पाल्ने घ्यू, दूध बेच्ने पेसा गर्नाले उच्च जातिका मानिसहरूसँग पर्याप्त पैसा हुन्थ्यो । यिनीहरूबाट अछूत जातिले आफ्नो सीमित जग्गा धितो राखी ऋण लिई आवश्यकता पुरागर्थे । उच्च जातकाले अछूतजातिबाट ऋण असुल्न नसक्दा जग्गा नै ओगट्ने गर्दथे । सरकारले विभिन्न समयमा जग्गा नीति तथा भूमिसुधार कार्यक्रम प्रस्तुत गरे पनि यसको कार्यान्वयन पक्षमा भएको फितलोपनको कारण समाजका अछूत जातिमा कुनै प्रगति भएको देखिँदैन । समयको गतिसँगसँगै आएको विकासको विभिन्न खाले अवसरबाट पनि अछूतहरूलाई पाखा लगाउँछन् । माथिल्लो जातकाले आफ्नो भलाईको लागि अछूत जातिलाई भऱ्याङको रूपमा प्रयोग गरी आफूलाई माथि लैजान्छन् । (क्याप्लान,२०००) ।

इन्सेक (१९९३)मा संसारको इतिहासलाई नियाल्दा जन्म एवं व्यवसायमा आधारित जाति व्यवस्था प्राचीन युनान, फ्रान्स, रोम, चिन, जापान आदि मुलुकहरूमा पनि थियो । तर हाम्रो नेपालको जस्तो जातीय भेदभाव र छुवाछुत कही पनि थिएन । यसरी संसारमा अन्यत्र कही कतै यस्तो व्यवस्ता नरहेको र हाम्रो देशको सामाजिक, राजनैतिक, सांस्कृतिक आदि पक्ष पनि अरु मुलुकहरूको भन्दा भिन्न रहेको देखिन्छ । सामाजिक भेदभावको अन्त्यको लागि परिस्कृत एवं उच्च विश्लेषण गर्न सक्ने ज्ञानवान् मानिसको प्रयत्नबाट सम्भव हुनेमा नेपालमा आधुनिक शिक्षाको प्रभाव धेरै पछि वि.स.२००० को आसपासदेखि पर्न गयो । त्यो अवस्था सम्मको शिक्षा गुरुकुल शिक्षा पद्धतिबाट प्रभावित भएको जातीय भेदभावलाई तत्कालीन शिक्षाले सहयोग गर्ने गरेको मान्नु पर्छ । अर्को तर्फ नेपाल पछिल्लो आधा शताब्दी भन्दा केही अघिसम्म विश्वबाट पुर्ण रूपमा अलग रह्यो । परिणामस्वरूप बाहिरी दुनियाँमा भएका विज्ञान र प्रविधिको विकास, सामाजिक, आर्थिक प्रगति वा विभिन्न राजनीतिक व्यवस्था, मानव अधिकार तथा मानिसका अभिन्न स्वतन्त्रताहरू मानव सभ्यताको स्थिति सम्बन्धमा नेपालीहरू अनविज्ञ रहेकाले परम्परागत सोचाइ, अन्धविश्वास

रुढीवादी धारणाले ग्रसित समाज, छुवाछूत तथा जातीय भेदभावका खराबहरू बुझ्न सक्ने अवस्थमा थिएनन् । शासक वर्गहरू समाजको यस्तो स्थितिबाट शासन व्यवस्थालाई टिकाउ बनाउन सक्ने कुरामा विश्वस्त हुन्थे (ओझा,२०५३:१५७) ।

नेपाल सरकारले सय भन्दा बढी जातिहरू मध्ये २३ जातीलाई मात्र दलित जाति निर्धारण गरेको छ । यसमध्ये पहाडी र हिमाली क्षेत्रमा ८ र तराई क्षेत्रमा १० दलित जाति उपलब्ध रहेका छन् । बाँकी पाँच वटा जातिहरू परिभाषित छैनन् । नेपाल सरकारले अठार जिल्लामा गरेको एक सर्वेक्षण अनुसार दलित बालबालिकाको भर्नादर निम्न अनुसार छ ।

हिमाली जिल्लाको प्राथमिक तहमा दलित विद्यार्थीहरूको भर्ना १७ प्रतिशत मात्र पाइएको छ । उक्त सङ्ख्या निम्न माध्यमिकमा पुग्दा घटेर ३ प्रतिशतमा झरेको छ । उच्च माध्यमिक तहसम्म पुग्दा शुन्य हुन पुगेको देखिन्छ । पहाडी जिल्लाको स्थिति त्यो भन्दा केही सकारात्मक छ । प्राथमिक तहमा भर्ना २७ प्रतिशत, निम्न माध्यमिक तहसम्म पुग्दा जम्मा ८ प्रतिशत छ भने माध्यमिक तहसम्म पुग्दा १ प्रतिशत मात्र रहेको छ । क्याम्पस तहमा पुग्दा शून्यमा झरेको छ । दलित विद्यार्थीको भर्ना प्रतिशत तराई क्षेत्रमा अझ कम रहेको छ । किनकि यस क्षेत्रमा प्राथमिक तहमा केटाकेटीहरूको भर्ना प्रतिशत १५.६ छ भने निम्न माध्यमिक तहमा १ प्रतिशत र माध्यमिक तहमा शुन्य छ (झा, २०५७ :१३३) ।

# अध्याय तीन
# अध्ययन विधि

सामाजिक वास्तविकताको बुझाइको सामाजिकीकरण केवल वैज्ञानिक अनुसन्धानपछि मात्र गर्न सकिन्छ। सामाजिक व्यवहार, क्रियाकलाप तथा प्रक्रियालाई निश्चित अनुसन्धान पद्धतिभित्र रहेर समाजका कुनै पनि विषयहरू, समस्याहरू वा मुद्दामा व्यवस्थित गरी तिनको प्रक्रियाको अध्ययनका साथै कार्यकारण सम्बन्धको व्याख्या गर्न विभिन्न सामाजिक परिवर्त्य Social variable हरूको सङ्कलन र तिनीहरूको अन्तरप्रभावको अध्ययन  आवश्यक विधि तथा तरिकाहरूको व्याख्या गरिएको छ। जसमा छनौट गरिएको क्षेत्रको परिचय, अनुसन्धान ढाँचा प्रक्रिया तथ्याङ्कको प्रकृति र स्रोत, तथ्याङ्क सङ्कलन गर्ने तरिका, तथ्याङ्कको विश्वसनीयता र वैधता, तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण आदि रहेका छन्।

## ३.१ अध्ययन क्षेत्र र यसको छनौटको औचित्य

सबै खाले विकासको सुरुवात तथा द्वार शिक्षा नै हो। शिक्षाको उज्यालो र न्यानो घामबाट बञ्चित कोही पनि मानिसलाई सही अर्थमा बुद्धिमान, सम्पन्न र धनी भन्न सकिदैन। सबै बालबालिकालाई शिक्षामा सहभागी बनाउन सरकारी तथा गैरसरकारी पक्षबाट भएको व्यापक प्रयासको बाबजूद पनि स्कुले उमेरका बालबालिकालाई पूर्ण रूपमा शिक्षामा सहभागी गराउन नसकेको अवस्था छ। यसमा विशेष गरी दलित जातिका बालबालिका पर्दछन्। अन्य राष्ट्रहरूले जस्तै नेपालले पनि सन् २०१५ सम्ममा विद्यालय जाने उमेरका सबै बालबालिकालाई शिक्षामा सहभागी गराउने राष्ट्रिय उद्देश्य राखेको छ। हाल सम्मको प्रगति देख्दा उक्त उद्देश्य सजिलै पुरा गर्न सकिने अवस्था छैन्। यस अध्ययनले उद्देश्य पुरा गर्न थोरै भएपनि सहयोग पुग्ने आशा राखिएको छ। स्याङ्जा पहाडी जिल्ला भए पनि शैक्षिक पक्षमा अगाडि छ (स्याङ्जा शैक्षिक दर्पण २०६१)। तर सो

जिल्लाकै सदरमुकाम नजिक रहेको नगरपालिकाको ११ नं. वडाका दलित बालबालिकाले अध्ययनलाई निरन्तरता दिन नसकेको देखिएको छ । अध्ययन क्षेत्र २०५३ साल माघ १८ मा नगरपालिका घोषित भए पनि यस क्षेत्रको खासै विकासमा तीब्रता नआएको र शहरोन्मुख ग्रामीण क्षेत्र भएकोले यस वडा नं. ११ मा दलित (दमाई, कामी) समुदायको बस्ती बढ्दै गए पनि हालसम्म उनीहरूको शैक्षिक अवस्था पत्ता लगाउन कुनै पनि सङ्घ संस्थाबाट अध्ययन नभएको तथा प्रारम्भिक अवलोकन गर्दा सो समुदायका कुनै बालबालिकाले पनि उच्च शिक्षा हासिल गर्न नसकेका आदि कारणले अध्ययन विश्लेषण गर्न आवश्यक ठानी यस क्षेत्रको छनोट गरिएको थियो ।

## ३.२ अनुसन्धान ढाँचा

अनुसन्धान कार्य सम्पन्न गर्दा जुन पूर्व योजना तयार गरिन्छ त्यसैलाई अनुसन्धान परिकल्पना वा रचना भनिन्छ । यस अनुसन्धानमा वर्णनात्मक, अन्वेषणात्मक तरिकाद्वारा सत्यता तथा विश्वसनीयता माथि बल दिई सही एवं पूर्ण सूचना प्राप्तिका लागि प्रयत्न गरिएको थियो । यस अध्ययनमा दलित समुदायका बालबालिकाको शैक्षिक अवस्था पत्ता लगाई उनीहरूले अध्ययनलाई किन निरन्तरता दिन सक्दैनन्, स्वयम दलित बालबालिकाले किन पढाइमा कम चासो दिन्छन भन्ने पक्षहरूको अध्ययन तथा विश्लेषण गरिएको छ । पक्षपात रहित विश्वसनिय तथ्यहरू सङ्कलन गरिएको छ र मिथ्या झुकाव, Bias लाई नियन्त्रण गर्ने प्रयास गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्वरूप

यस अध्ययनमा प्राथमिक तथा द्वितीय दुवै प्रकारका तथ्याङ्कको उपयोग गरिएको छ । प्राथमिक तथ्याङ्क अध्ययनसँग सम्बन्धित प्रायः जानकारी अध्ययन क्षेत्रबाट नै सङ्कलन गरिएको छ । यसका अतिरिक्त द्वितीय तथ्याङ्क सङ्कलनका लागि विभिन्न पुस्तकालय सम्बन्धित ठाउँको स्कूल, वडा कार्यालय, जि.वि.स.को कार्यालय, शिक्षा कार्यालय, सम्बन्धित जातिसँग सम्बन्धित प्रकाशित अप्रकाशित लेख रचना तथा विभिन्न पुस्तक आदिबाट प्राप्त तथ्याङ्कलाई आधार मानी व्याख्या विश्लेषण गरिएको छ ।

## ३.४ समग्रता र जनसङ्ख्या

यस अध्ययनमा सम्बन्धित क्षेत्रको सम्पूर्ण कामी तथा दमाई जातिका बालबालिकाको अध्ययन गरिने हुनाले यसमा कुनै नमूना विधि प्रयोग गरिने छैन । ११ नं. वडाका २३ घर सङ्ख्या कामी तथा ४८ घर दमाईं गरी जम्मा ७१ घरसङ्ख्या समग्र र तिनै ७१ घरका एक एक जना घरमुलिलाई उत्तरदाताको रूपमा लिई उनीहरूका बालबालिका सम्बन्धि सम्पूर्ण जानकारी लिइनेछ । उत्तरदाता महिला तथा पुरुष दुवैलाई समावेस गरिएको छ । यस अध्ययनमा जनगणना विधि अबलम्बन गरिएको छ । यसमा प्रयोग गरिने तथ्याङ्कको स्रोत प्रकृति तथा तथ्याङ्क सङ्कलनका साधनहरू निम्नानुसार रहेका छन् ।

## ३.५ प्राथमिक तथ्याङ्क सङ्कलनका विधिहरू

यस अध्ययनमा तथ्याङ्क सङ्कलनका विभिन्न तरिकाहरू प्रयोग गरिएको छ । जुन निम्न अनुसार छ :

### क) अवलोकन

कार्य क्षेत्रका दलित समुदायको नजिकैबाट अवलोकनको प्रयास गरिएको छ । यसबाट उनीहरूले शैक्षिक क्रियाकलापमा देखाउने चासो,खानपान घरको अवस्था र सरसफाईका बारेमा यथार्थ प्राथमिक तथ्याङ्कहरू सङ्कलन गर्ने प्रयास गरिएको थियो ।

### ख) अन्तर्वार्ता अनुसूची

निर्दिष्ट गरिएका उद्देश्यहरूमा आधारित रही खुल्ला तथा वन्द एवं संरचनात्मक असंरचनात्मक प्रश्नावली निर्माण गरी दलित समुदायका महिला तथा पुरुष अभिभावकसँग सूचना सङ्कलन गरिएको छ । अभिभावकसँग सूचना सङ्कलन गर्दा विभिन्न प्रश्नहरू सोधिएको छ । बालबालिकाहरू कति कक्षामा पढ्छन्,बालबालिकाहरू सरकारी निजि कुन विद्यालयमा पढ्छन् ,बालबालिकाले विच कक्षामा पढाइ छाडेका छन छैनन् तथा छाडेका छन भने किन छाडे भन्ने जस्ता प्रश्नहरू रहेका छन् ।

### ग) मुख्य सूचनादाता अन्तर्वार्ता

आवश्यक सूचना सङ्कलनको लागि वडा, टोलका अगुवा प्रतिनिधि, बुद्धिजीवीहरूबाट चार जनालाई मुख्य सूचनादाता मानी उनीहरूसँग अन्तर्वार्ता विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको थियो । यो अन्तर्वार्ता मूलतः असंरचित प्रकृतिको छ। यी तथ्याङ्कहरूले अन्तवार्ताबाट आउन नसकेका कुराहरू ल्याई सङ्कलित् तथ्यहरूलाई अझै जोडदार बनाउने लक्ष्य राखी यसलाई महत्वका साथ प्रयोग गरिएको छ ।

### घ) घटना अध्ययन

यस अध्ययनलाई अझ सही र वास्तविकत बनाउन अध्ययन परिवारको घटना अध्ययन गरिएको छ । घटना अध्ययनमा कामी तथा दमाई समुदायबाट एक एक जना व्याक्ति छनौट गरिएको छ ।

## ३.६ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

सङ्कलन गरिएका तथ्याङ्कलाई सम्पादन गरी तथ्याङ्कको प्रकृति अनुसार विश्लेषण र प्रस्तुतिकरण गरिएको छ। सङ्ख्यात्मक तथ्याङ्कहरूलाई तालिका, स्तम्भ चित्र, वृत्त चित्र आदिमा प्रस्तुत गरिएको छ। यसका साथै साङ्केतीकरण, वर्गीकरण, तालिकीकरण गरी साधारण गणितीय हिसाबका साथै तथ्याङ्क शास्त्रीय विधि, सूत्रहरू प्रयोग गरिएको छ। गुणात्मक तथ्याङ्कको हकमा तथ्याङ्कलाई विशिष्ठ रूपमा अनुसन्धानकर्ताले व्याख्यात्मक रूपमा विश्लेषण र प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

## अध्याय चार

# कार्यक्षेत्रको परिचय र उत्तरदाताको जानसाङ्खिक एवं सामाजिक र आर्थिक अवस्था

## ४.१ कार्यक्षेत्रको परिचय

स्याङ्जा जिल्ला नेपालको पश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गतको गण्डकी अञ्चलमा अवस्थित एक पहाडी जिल्ला हो। यहाँको कूल क्षेत्रफल ११६४ वर्ग किमि रहेको छ। समुद्री सतहदेखि ३६६ मिटर देखि २५३० मिटर सम्मको उचाइमा रहेको छ। स्याङ्जा जिल्लामा १२८९ कामी तथा ९१०८ दमाई जाति रहेका छन्। (जि.वि.स. सूचना केन्द्र भाग १)

यहाँको साक्षरता दर ६२.२२ प्रतिशत रहेको छ। जुन राष्ट्रिय साक्षरता दर भन्दा माथि छ। पूर्वमा कास्की तथा पश्चिममा पर्वत जिल्ला रहने यस जिल्ला पर्यटकीय दृष्टिकोणले पनि चर्चित छ। यहाँ सिरुवारी तथा कालीगण्डक जस्ता महत्त्वपूर्ण स्थान रहेका छन्। यस जिल्लामा बाहुन, क्षेत्री, ठकुरी, मगर, गुरुङ, कामी, दमाई, सार्की जस्ता जात जातिहरू रहन्छन्। यसले गर्दा भौगोलिक रूपमा रमणीय स्याङजालाई सांस्कृतिक सौन्दर्यताको लागि पहल गरेको छ।

प्रायः यहाँका दलितहरू आफ्नो भूमि नभएको कारण कृषि मजदुर, अधिया प्रथा तथा साहु महाजन, व्यापारीको भरियाको रूपमा ज्यालादारी गरेर जीवन निर्वाह गर्दछन्। यिनीहरूको सामाजिक तथा आर्थिक जीवन ज्यादै कष्टकर तथा दयनीय देखिन्छ।

पुतलीबजार नगरपालिका वडा न.११ स्याङ्जा जिल्ला सदरमुकामबाट ७.५ कि.मी. पैदल दुरीमा आधी खोला पारी रहेको छ। यस वडाको पूर्वमा पुतलीबजार नगरपालिका - ९, पश्चिममा पु.ब.न.पा. - १० र दरौं गा.वि.स., उत्तरमा पु.ब.न.पा- ८ र दरौं गा.वि.स. र दक्षिणमा पु.ब.न.पा. १२ र १३ रहेका छन्। यस वडाको जम्मा क्षेत्रफल ६.७८ वर्ग कि.मी. छ। परिवार सङ्ख्या ६७० र जम्मा साक्षरता प्रतिशत ७३.७८ रहेको छ। यस

वडाको जनघनत्व ५७६.५५ जना प्रति वर्ग कि.मी. र प्रति घर परिवारमा औषतमा ५.८३ जना बसोवास गरेका छन्। यस न.पा.वडा नं. ११ समुन्द्री सतहदेखि १५३० मिटर उचाईमा अवस्थित छ। यो ठाउँ नेपालको पहाडी क्षेत्रमा भए पनि उब्जाउ किसिमको रहेको र भिरालो भिरपाखा भएको क्षेत्र पनि हो। यहाँ उष्ण र समसीतोष्ण दुवै किसिमको हावापानी पाइन्छ। यस वडामा व्यवसायिक रूपमा दुध उत्पादन गर्ने - १३ घरपरिवार, तरकारी उत्पादन गर्ने १७ घरपरिवार, फलफूल उत्पादन गर्ने ६५ घरपरिवार र मौरी पालन गर्ने घरपरिवार ३५ रहेका छन्। यस वडामा मुख्य गरी १५ जातजातीको वसोवास रहेको पाइन्छ। जसमा मुख्य ५ जातजातीहरूमा क्षेत्री २४.९७ %, मगर २२.०० %, कामी १०.२३ %, ब्राह्मणण ९.३४ % र दमाई ८.५४ % रहेका छन। यहाँका मानिसहरूको मुख्य चाडपर्व दशै, तिहार, तिज, इद, बक्राइद, बाजेबज्यै,माईपूजा आदि रहेका छन्। यस क्षेत्रमा बोलीने भाषाहरूमा नेपाली ,मगर , नेवार र उर्द्धू रहेका छन्। यहाँका मानिसहरू विशेष गरी कृषि, पशुपालनमा जीवन बिताउने र केही पुरुषहरू नोकरी गर्दछन भने प्रायजसो सबै महिलाहरू कृषि पेसा र घरपरिवारमा व्यस्त रहेको पाइन्छ। शिक्षित र सभ्य मानिसहरू शहरी जीवन प्रति बढी उन्मुख र आकर्षित रहेको पनि पाइन्छ। कृषि पेसामा लाग्नु पर्ने, कमजोर आर्थिक अवस्था र अभिभावकहरूमा शिक्षा प्रतिको चासो विशेष रूपमा कम रहेकोले शैक्षिक स्तर मध्यम रहेको पाइन्छ। यस क्षेत्रमा ४ वटा प्रा.वि. १ नि.मा.वि. र १ उच्च मा.वि. रहेको छ। यहां ६ वर्ष वा सो भन्दा बढी उमेर भएका महिलाको जनसङ्ख्या १७६७, पुरुषको जनसङ्ख्या १७७६ गरी जम्मा ३५४३ छ। साक्षरता प्रतिशत पुरुष ८६.६०, महिला ६०.८९ गरी जम्मा ७३.७४% साक्षर छन।

आज समाज संस्कृति विकासको लागि विश्व परिवेशमा आएको विभिन्न नयाँ धारणा र विचारलाई अनुकूलन गर्ने प्रवृत्ति बढ्दै गएको छ। यस प्रक्रियामा अध्ययन क्षेत्रका समुदाय पनि लागि परेको पाइन्छ। विकासको नयाँ अवधारणामा आफूलाई ढाल्न प्रत्येक व्यक्ति, समाज, राष्ट्रले प्रयास गरेको समयमा अध्ययन क्षेत्रका जनसमुदाय पनि आफूलाई हरेक दृष्टिकोणबाट परिवर्तन परिमार्जित गर्दै लगेको पाइन्छ। परिणाम स्वरूप परम्परागत पेसा संस्कार संस्कति आदिबाट माथि उठी विकासको नयाँ धारणा तथा संरचनालाई अँगाल्दै आएका छन्। यिनीहरूको परम्परागत पेसा भाँडा बनाउने, लुगा सिलाउने, जजमानी गर्ने, बाजा बजाउने जस्ता काम छाडी अन्य जाति सरह विभिन्न

व्यापारमा लाग्ने वैदेसिक रोजगारमा जाने क्रम वढदै गएको पाइन्छ। फलतः यस्ता नयाँ खाले काम तथा व्यापारमा लागेका कारण समाज तथा संस्कृतिमा परिवर्तन आएको छ।

## ४.२ उत्तरदाताहरूको उमेर समूह

मानिसको जन्म पछि उसले यापन गर्ने समय अवधिलाई निश्चित शब्दहरू-घण्टा, दिन महिना तथा वर्ष मार्फत मापन गरिन्छ। उमेरलाई विषेशगरी बालक उमेर, युवा उमेर तथा वृद्ध उमेरमा विभाजन गर्न सकिन्छ। सबै खाले विकासको आधार जनसङ्ख्याको उमेर एक अति महत्वपूर्ण पक्ष हो। उमेरले घर समाजको हरेक कृयाकलापमा प्रभाव पार्छ। अध्ययन क्षेत्रमा पनि उमेर सम्बन्धमा विभिन्न तथ्यांक सङ्कलन गर्दा निम्न उमेरसमूका मानिस बसोवास गर्ने पाइएको थियो।

**तालिका ४.१**

**उमेरको समूहको आधरमा उत्तरदाता**

| उमेर समूह | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| २५-३५ | २० | २८.२ |
| ३५-४५ | ४३ | ६०.६ |
| ४५-५५ | ६ | ८.४ |
| ५५ भन्दा माथि | २ | २.८ |
| जम्मा | ७१ | १००.० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

तलिका ४.१ अनुसार अध्ययन क्षत्रेमा सबैभन्दा बढी ३५-४५ वर्ष भित्रका मानिस रहेको पाइन्छ। जसको सङ्ख्या ४३ (६०.६%) छ भने सबै भन्दा कम जनसङ्ख्या ५६ वर्ष भन्दा माथिका मानिसको छ। यसको सङ्ख्या २ (२.८%) छ। यसै गरी ४५-५५ भित्रका मानिसको सङ्ख्या ६ (८.४%) छ। २५-३५ वर्ष भित्रका मानिसको सङ्ख्या २०(२८.२%) भएको पाइएको छ।

## ४.३ उत्तरदाताहरूको बसोबास/टोल

अध्ययन क्षेत्रका परिवारहरू (कामी तथा दमाई) आ-आपनो जात अनुसार निश्चित ठाउँमा बसोवास गरेको पाइन्छ। यी दुई समुदायको बसोवास आधा घण्टाको दुरीमा अवस्थित छ। मानिसका कहाँ कसरी बसेको छ र उसले के के सुविधा प्राप्त गर्दछ। यस

पक्षले मानिसको जीवनमा अति नै प्रभाव पार्दछ । यस अध्ययनमा पनि कुन उत्तरदाता कहां वस्छन भन्ने सम्वन्धमा तथ्याङ्क सङ्कलन गरिएको थियो जुन तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४.२**
**बसोबासको आधारमा उत्तरदाता**

| टोल | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| लाम्पाटा | १३ | १८.३ |
| गुराँस्ती | ३६ | ५०.७ |
| बडागाउँ | २२ | ३१.० |
| जम्मा | ७१ | १००.० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

अध्ययन क्षेत्रका मानिसहरू विभिन्न टोलमा बसोबास गर्दछन् । अधिकांस उत्तरदाताहरू गुराँस्ति टोलमा बस्छन् । यसको सङ्ख्या ३६(५०.७ %) त्यसैगरी वडा गाउँमा २२ (३१.०%) घरपरिवार बसोवास गरेको पाइन्छ । लाम्पाटा टोलमा सबैभन्दा कम उत्तरदाताहरू वसोवास गरेको पाइन्छ । माथिको अन्य दुई टोल भन्दा लामपाटामा मोटरबाटो घर घरमा पुगेको कारणले पछि माथि उल्लेखित गाउँबाट बसाइ सरेर बसोबास गर्ने क्रम बढ्दै गएको पाइन्छ ।

## ४.४ उत्तरदाताको लिङ्ग

लिङ्ग मानिसको जैबिक विषेशता हो । यो मानिसले जंन्मदा नै लिएर आउने अपरिवर्तनशील विषेशता हो । लिङ्ग सृष्टि निर्माण तथा विकासको अति नै महत्वपूर्ण जनसांखिक विशेषता हो । समाज विकासमा महिला पुरुष दुवैको महत्वपूर्ण भूमिका रहन्छ । समाजको विकासको लागि महिला पुरुष दुवै समान रूपमा सक्षम पनि बन्दै जानु पर्छ ।

**तालिका ४.३**
**लिङ्गको आधारमा उत्तरदाता**

| उत्तरदाताको लिङ्ग | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ५० | ७०.० |
| महिला | २१ | ३०.० |
| जम्मा | ७१ | १००.० |


स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

समाजको अन्य क्षेत्रमा जस्तै अध्ययन परिवारको उत्तरदाताहरूमा पनि लैगिंक असमानता देखिएको छ। जहाँ अधिकांस उत्तरदाता पुरुष छन्  वा ५० (७०%) छन्। यसको अलावा थोरै २१(३०%) मात्र महिला उत्तरदाताहरू रहेका छन्। यसवाट के देखिन्छ भने नेतृत्व तहमा महिला भन्दा षुरुष अगाडि छन भन्ने सङ्केत दिन्छ।

## ४.५ शैक्षिक स्थिति

शिक्षा मानिसको अति नै महत्वपूर्ण पक्ष हो। औपचारिक शिक्षा बिद्यालयबाट आर्जन गरिन्छ। आमा बाबु शिक्षित भएमा आफ्ना बालबालिकाहरूको प्रगतिको लागि पहल गर्दछन। बालबालिकाहरूलाई विद्यालय भर्ना गरी अध्ययनमा पनि सघाउँछन्। यस सम्बन्धमा तथ्याङ्क सङ्कलन गर्ने क्रममा कुनै पनि अभिभावकले उच्च शिक्षा हासिल गरेको पाइएन जुन तालिकामा प्रष्ट पारिएको छ।

**चित्र ४.१**




**उत्तरदाताहरूको शैक्षिक स्थिति**

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

चित्र ४.१ अनुसार अध्ययन क्षेत्रका अधिकांश उत्तरदाताहरू साक्षर मात्र छन्। यसको सङ्ख्या ६९ (९७.२%) छ। यसको अलवा २ जना (२.८%) निरक्षर छन्। बालबालिकाहरूका लागि आमाबाबु शिक्षक हुन। आमाबाबु शिक्षित भएमा बालबालिकाको

चौतर्फी विकासमा सकरात्मक प्रभाव पर्छ । तर धेरै सख्यांमा अध्ययन परिवार साक्षरमात्र छन यसको प्रभाव बालबालिकाको शिक्षामा नकरात्मक परेको पाइन्छ ।

## ४.६ धर्मको स्थिति

धर्म भनेको मानिसको अमूर्त वस्तु प्रतिको भावनात्मक स्वीकारोक्ति हो । यो अनौपचारिक र अमूर्त रूपमा मानिसलाई सही मार्गमा डोऱ्याउने अति नै महत्वपूर्ण माध्यम हो । नेपाल बहुधार्मिक मुलुक भएपनि अध्ययन क्षेत्रका सबै समुदायले हिन्दू धर्म मान्दै आएको पाइन्छ ।

## ४.७. उत्तरदाताको जातीयता

नेपाल बहु जातजातिहरू बसोबास गर्ने मुलुक हो । नेपालको सबै जिल्ला, गा.वि.स मा सबै जातजातिहरू छरिएर बसेको पाइन्छ । यिनीहरू आपसमा अन्तरसम्बन्धित भएर रहेका छन् । यस ठाउँमा पनि विभिन्न जातजातिहरू बसोबास गरेपनि कामी तथा दमाइ जातिको मात्र अध्ययन गरिएको छ । यी दुई जाति मध्ये कुन कति सङ्ख्यामा रहन्छन् भन्ने सम्बन्धमा तथ्याङ्क सङ्कलन गरिएको थियो जुन निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.४**

**जातको आधारमा उत्तरदाताहरू**

| जातीयता | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| दमाई | ४५ | ६३.४ |
| कामी | २६ | ३६.६ |
| जम्मा | ७१ | १००.० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

तालिका ४.४ अनुसार अध्ययन गरिएका दुई जाति मध्ये अधिकांस उत्तरदाताहरू दमाई समुदायका भएको पाइएको छ । जसको सङ्ख्या ४५ (६३.४%) रहेको छ । यसको

अलवा थोरै उत्तरदाताहरू मात्र कामी समुदायका छन् । यी दुई समुदाय आधा घण्टाको दुरीमा रहेका छन् ।

## ४.८ परिवार सङ्ख्या

परिवार समाज, राष्ट्र निर्माणको पहिलो आधार हो । परिवारलाई समाजशास्त्रमा अति नै महत्वपूर्ण संस्थाको रूपमा लिइन्छ। परिवार भन्नाले सामान्य रूपमा साझा उद्देश्य सहित एउटै छाना मुनि बस्ने र सगै खाना खाने सदस्यलाई जनाउछं। यो जनसाङ्खिक सिद्धान्तको महत्वपूर्ण पक्ष हो । परिवार धेरै वा थोरै हुनु ठाउँ, अवस्था, स्रोत परिवेश अनुसार अवसर र बाधाको रूपमा लिइन्छ। यस अध्ययनका उत्तरदाताहरूको पारिवारिक आकारको बारेमा पनि तथ्याङ्क सङ्कलन गरिएको थियो । यसको बारेमा तल व्याख्या गरिएको छ ।

**तालिका ४.५**

**परिवार सदस्य सङ्ख्याको आधारमा उत्तरदाता**

| परिवार सदस्य सङ्ख्या | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ४ जना सम्म | ४२ | ५९.२ |
| ५ देखि ७ जना सम्म | २९ | ४०.८ |
| जम्मा | ७१ | १००.० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

तालिका ४.५ अनुसार सबैभन्दा धेरै उत्तरदाताको परिवारको आकार ४ जना सम्म भएको पाइयो। यसको सङ्ख्या ४२ (५९.२%) रहेको छ। यसको अलवा २९(४०.८%) उत्तरदाताहरूको परिवार सदस्य सङ्ख्या ५ देखि ७ जनासम्म रहेको पाइयो। यसबाट दलित जाति भएपनि समयको माग संगै पारिवारिक आकार सकेसम्म सानो गर्ने प्रयास गरेको देखिन्छ ।

## ४.९ परिवारको किसिम

नेपाली समाजमा संयुक्त तथा एकल किसिमको परिवार प्रचलनमा रहेको पाइन्छ। पहाडी भागमा बढी संयुक्त परिवारमा रहने चलन छ। जीवनयापनको दृष्टिले संयुक्त

परिवार बढी सुविधाजनक देखिन्छ तर वर्तमान समयमा विकासका विभिन्न माध्यामहरू अपनाउने क्रममा मानिसहरू एकल परिवारतर्फ उन्मुख भएको पाइन्छ। अध्ययन क्षेत्रका उत्ततरदाताहरूको पनि परिवारको किसिमको बारेमा तथ्याङ्क सङ्कलन गरिएको थियो। यसलाई तलको तालिकामा व्याख्या गरिएको छ।

**तालिका ४.६**

**परिवारको किसिमको आधारमा उत्तरदाता**

| परिवारको किसिम | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| संयुक्त | २ | २.८ |
| एकल | ६९ | ९७.२ |
| जम्मा | ७१ | १००.० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

समाज विकासको सुरुको क्रममा सयुंक्त परिवार बढी प्रचलनमा थियो। विकासका विभिन्न आयामरु अपनाउने क्रममा अध्ययन क्षेत्रका उत्ततदाताहरूको एकल परिवार सङ्ख्या ज्यादै बढदो क्रममा रहेको पाइन्छ। यसबाट के प्रष्ट हुन्छ भने अध्ययन क्षेत्रमा सयुंक्त परिवारको सङ्ख्या ज्यादै कम वा २ (२.८ %) प्रतिशत मात्र भएको पाइएको छ। यसबाट के प्रष्ट हुन्छ भने अध्ययन क्षेत्रमा बिस्तारै संयुक्त परिवार हराउदै गएको पाइन्छ।

## ४.१० घरको प्रकार

घर मानिसले आफ्नो सुरक्षाको अवधारणले र्निमाण गरेको हो। यो मानिसले आफ्नो आर्थिक हैसियत तथा उसको आवश्यकता अनुसार र्निमाण गर्दछ। यसको बनावट गाउँ शहरमा फरक फरक तरिकाको हुन्छ। अध्ययन परिवार कस्तो प्रकारको घरमा बस्छन् भन्ने संबन्धमा तथ्याङ्क सङ्कलन गरिएको थियो। अध्ययन क्षेत्र नगरपालिका भएको कारणले गर्दा कच्ची तथा माटोको घर ज्यादै कम देख्न पाइन्छ। यस कुरालाई निम्न तालिकाबाट उल्लेख गरिएको छ।

**तालिका ४.७**

**घरको प्रकारको आधारमा उत्तरदाता**

| **घरको प्रकार** | **उत्तरदाता सङ्ख्या** | प्रतिशत |
|---|---|---|
| अन्य | ४ | ५.६ |
| आरसीसी | १५ | २१.२ |
| टिनले छाएको कच्ची घर | ५२ | ७३.२ |
| जम्मा | ७१ | १००.० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

अध्ययन क्षेत्रका समुदाय जीवन स्तरको दृष्टिले मध्यम वर्गमा पर्दछन । उनीहरूको खानपान लुगा लगाउने तरिका मध्यम देखिन्छ । यिनीहरू बसोबास गर्ने अधिकांशको वा ५२ (७३.२%) घर टिनले छाएको छ । यस समुदायको १५ (२१.२%) घर आरसीसी गरिएको छ । यसको अलवा कम परिवारको घर अन्य खर, सेउलाले छाएको पाइन्छ । घरको बनौट हेर्दा केही परिवारको टिनले छाएको घर पछि आरसीसी घर निर्माण गर्न मिल्ने गरी बनाएको पाइन्छ ।

## ४.११. उपचार गर्ने स्थान

स्वास्थ्य मानिसको अति नै महत्वपूर्ण पक्ष हो । यसलाई मानिसको जीवनको वास्तविक धनको रूपमा लिइन्छ । अध्ययन क्षेत्र सदरमुकामबाट नजिक र नगरपालिका भएको कारण उनीहरू आफ्नो स्वास्थ्य प्रति सचेत भएको पाइएको छ । विरामी हुँदा उपचारको लागि कहां जानुहुन्छ भन्ने संबन्धमा जिज्ञासा राख्दा अहिलेको समयमा अस्पताल भन्दा अन्य ठाउँ जाने कुरा सोच्न नसकिने बताए । धामीझाक्री तथा झारफुकमा कत्ति पनि विश्वास भएको पाइएन ।

## ४.१२ परिवारको स्वामित्वमा जग्गा

नेपाल कृषि प्रधान मुलुक हो । हाम्रो जीवनयापनको मूख्य आधार कृषि नै भएको कारणले  यहांका धेरै मानिसहरू आर्थिक रूपमा खेतीमानै निर्भर रहने गर्दछन् तर विभिन्न कारणले गर्दा यसमा आशातित सफलता प्राप्त गर्न सकिएको छैन । अध्ययन

परिवारहरूको नाममा के कति जमिन रहेको छ भन्ने संबन्धमा विभिन्न तथ्याङ्क सङ्कलन गरिएको थियो । यसको नतिजालाइ तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.८**

**जग्गा स्वामित्वको आधारमा उत्तरदाता**

| **स्वामित्व जग्गा** | **उत्तरदाता सङ्ख्या** | प्रतिशत |
|---|---|---|
| छ | ३१ | ४३.६ |
| छैन | ४० | ५६.४ |
| जम्मा | ७१ | १००.० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

तालिका ४.८ अनुसार अधिकांस परिवारको स्वामित्वमा जग्गा नै नभएको पाइन्छ। यसको अलवा ३१(४३.६%) परिवारको मात्र स्वामीत्वमा थोरै जग्गा रहेको पाइएको छ । उनीहरूसँग भएको जमिनको आधारमा उत्तरदाताहरू गरिब वर्गमा पर्दछन् । अधिकांस परिवारको स्वामित्वमा जग्गा नभएको कारण जीवनयापनको लागि उनीहरूले अरुको घरमा ज्याला मजदुरीमा जाने, परम्परागत पेसा गर्ने,अरुको जमिन अधिया कमाउने ,व्यापार गर्ने तथा निजी जागिरमा जाने आदि कृयााकलाप गरेको पाइन्छ ।

## ४.१३ उत्पादनको अवस्था

नेपाल कृषि प्रधान देश हो। यहां निश्चित समयमा भएको उत्पादनले वर्षभरि खान पुग्नु पर्दछ। अध्ययन परिवार अधिकांशको स्वामित्वमा जग्गा नै छैन। जग्गा हुने सँग पनि ज्यादै कम छ। उनीहरूसँग भएको जग्गा पनि खेतीको दृष्टिमा मध्यम खालको देखिन्छ। उत्पादनले कति समय खान पुग्छ भन्ने बारेमा पनि तथ्याङ्क सङ्कलन गरेकामा तल व्याख्या गरिएको छ।

**तालिका ४.९**

**उत्पादनको अवस्था**

| **अवधि** | | **जम्मा उत्तरदाता** | **उत्तरदाता सङ्ख्या** | प्रतिशत |
|---|---|---|---|---|
| जमिन भएका | ३१ | ६ महिना | ९ | ४३.६ |
| | | ५ महिना | ७ | |
| | | ४ महिना | ३ | |
| | | ३ महिना | ५ | |
| | | २ महिना | ७ | |
| जग्गा जमिन नभएका | ४० | | | ५६.४ |
| **जम्मा** | **७१** | | | १०० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

तालिका ४.९ अनुसार ९ परिवारलाई मात्र आफ्नो उत्पादनले ६ महिना सम्म खान पुग्छ। त्यसैगरी ७ परिवारलाई ५ महिना मात्र खान पुग्छ। आफूसँग जग्गा भएका अरूपरिवार सबैलाई ४ महिना भन्दा कम समय मात्र खान पुग्छ। माथिको तालिका अनुसार जग्गा हुने यो परिवारलाई पनि बाकी सबै महिना खाद्यन्न किन्न पर्ने देखिन्छ। यही कारणले गर्दा निजि जागिर विभिन्न खाले मजदुरी गर्न यो समुदाय बाध्य भएको पाइन्छ। यिनीहरू कामवाट फर्कने क्रममा वाटोमा लामपाटा बजार भएकोले प्रत्येक दिन आवश्यक समान किनेको देखिन्थ्यो।

## ४.१४ अरूको जग्गाबाट हुने उत्पादनको अवस्था

नेपाल कृषि मुलुक भएपनि अध्ययन परिवार कसैसँग पनि प्रशस्त जमिन छैन। आफूलाई आवश्यक खानाको लागि थोरै परिवारले अरूको जमिन अधिया कमाउने गरेको पाइन्छ। यसवाट भएको उत्पादनले वर्षको केही समयको लागि मात्र खाद्यन्नको व्यवस्था गरेको पाइन्छ। जुन तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ४.१०**
**अरूको जग्गाबाट हुने उत्पादनको अवस्था**

| अरूको जग्गा कमाउने/नकमाउने | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कमाउने | ५ | ७.८ |
| नकमाउने | ६६ | ९२.२ |
| जम्मा | ७१ | १००.० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

अध्ययन क्षेत्रका गरिएको तथ्याङ्क सङ्कलन अनुसार आफूसग जमिन नभएको कारण अध्ययन परिवारको सानो ५ परिवारले मात्र अरूको जमिन अधिया कमाएर केही समयको लागि खाद्यन्न जुटाउने गरेका छन् । अरूको जमिनबाट भएको उत्पादनले ३ देखि ४ महिना मात्र खान पुग्ने देखिएको छ । यी परिवारले बर्षको धेरै समय अन्न बजारवाट खरिद गर्नु पर्ने देखिन्छ। यसवाट उनीहरूले खानाको व्यवस्थाको लागि समाजमा माथि उल्लेखित कृयाकलापमा लागेको पाइन्छ् ।

## ४.१५ नपुग खाद्यन्न व्यवस्था गर्ने तरिका

अधिकांश अध्ययन परिवारसँग आफ्नो स्वामित्वमा जमिन छैन। जमिनको अभावका कारण अध्ययन परिवारले नपुग खाद्यन्नको व्यवस्थाको लागि समाजका अन्य विभिन्न कृयाकलापमा संलग्न भएका छन् । यो समुदाय विशेष गरी ज्याला मजदुरी, निजी जागिर, विभिन्न व्यवसाय संन्चालनको आम्दानीबाट तथा ऋण लिएर भएपनि आफूलाई आवश्यक अन्न किन्ने गर्दछन् । यस बारेमा पनि तथ्याङ्क सङ्कलन गरेकामा नतिजालाई तल ब्याख्या गरिएको छ ।

**तालिका ४.११**
**नपुग भएको अन्न व्यवस्थापन गर्ने तरिका र उत्तरदाता**

| नपुग अन्न व्यबस्थापन | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ऋण लिने | २ | २.८ |
| आम्दानीबाट | ६९ | ९७.२ |
| जम्मा | ७१ | १००.० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

तलिका ४.११ अनुसार अधिकांश अध्ययन परिवारले वा ६९(९७.२%) आफूलाई नपुग अन्न आम्दानीबाट व्यावस्था गर्ने देखिन्छ। यसको अलवा सानो परिवारले मात्र ऋण लिएर नपुग खाधन्न किन्ने देखियो। यसबाट के स्पष्ट हुन्छ भने दलित जाति भएपनि बिस्तारै उनीहरू जमिनको अभावमा पनि आत्मनिर्भर बन्दै गएको पाइन्छ। यो कुरा हामी सबै समुदायको लागि ज्यादै सकरात्मक पक्ष हो।

## ४.१६. जातिको आधारमा पेसा

नेपाली समाजलाई जयस्थिति मल्लको शासनकालबाट नै विभिन्न जातको आधारमा तहगत विभाजन गरिएको छ। यही जाति विभाजन अनुसार कामको पनि बांडफाड गरिएको पाइन्छ। उक्त विभाजन अनुसार परम्परागत रूपमा कामी समुदाय भाडाँ बनाउने उच्च जातिको घरमा काम गर्ने गर्दछन्। यसैगरी दमाई समुदाय लुगा सिलाउने, बाजा बजाउने जस्ता काममा लागेका थिए। तर पछिल्लो समयमा आएर समयको माग सगैं निश्चित पेसाबाट जीवन धान्दै आएका अध्ययन परिवारहरूमा ठूलो परिर्वतन आएको पाइन्छ। सबै जातले सबै काम गर्न हुन्छ। हामी सबै समान मानिस हौं भन्ने अवधारणा विकास भएको पाइन्छ। यो समाज विकासको सकरात्मक पक्ष हो। जातीय पेसामा कति परिवार संलग्न छन भन्ने बारेमा तथ्याङ्क सङ्कलन गर्दा निम्न नतिजा प्राप्त भएको थियो।

**तालिका ४.१२**

**जातीय पेसाका आधारमा उत्तरदाता**

| उपयोग | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छ | १९ | २६.८ |
| छैन | ५२ | ७३.२ |
| जम्मा | ७१ | १००.० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

तालिका ४.१२ अनुसार विगतमा निश्चित जातीय पेसामा संलग्न यो समुदाय पछिल्लो समयमा आएर बजारको विश्वव्यापिकरण, यातातको सुविधा, विभिन्न कारणले प्रतिशपर्धामा आउन नसक्नु तथा यो समुदायको विचारमा आएको परिवर्तन आदि कारणले अध्ययन ठूलो परिवार यो पेसामा संलग्न नभएको पाइन्छ। यसको अलावा सानो परिवार मात्र सो पेसामा संलग्न रहेको छ। यस तालिकाबाट के स्पष्ट हुन्छ भने विभिन्न विकासका कारणले गर्दा अध्ययन क्षेत्रका दलित परिवारले आफूले अँगाल्दै आएको जातीय पेसा छाड्दै समय परिस्थितिसंगै जीवनयापनका अन्य उपायहरू अबलम्बन गरेको पाइन्छ।

## ४.१७ जातीय पेसा उपयोगिता प्रतिको धारणा

केही समय अगाडि सम्म अध्ययन परिवार आफ्नो जातीय पेसाबाट जीवन धान्दै आएको कुरा त्यहाँका अगुवा प्रतिनिधि तथा मूख्य सूचनादाताहरू बताउछन्। तर वर्तमान समयमा आएर विश्व परिवेशमा आएको परिवर्तन स्वयं समुदायको पेसाप्रतिको वितृष्णा आदि कारणले यो पेसा बिस्तारै हराउदै गएको कुरा घरको वातावरण ,व्यक्तिको व्यावहार आदिले देखाउँछ। यसबारे तथ्याङ्क सङ्कलन गर्दा निम्न नतिजा आएको थियो जुन तल प्रस्तुत गरिएको छ।

**तालिका ४.१३**

**जातीय पेसा उपयोगीता प्रतिको धारणा र उत्तरदाता**

| **उपयोग** | **उत्तरदाता सङ्ख्या** | प्रतिशत |
|---|---|---|
| उपयोग मात्र छ | १७ | २३.९ |
| उपयोग नगर्ने | ५४ | ७६.१ |
| जम्मा | ७१ | १००.० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

तालिका ४.१३ अनुसार ५४(७६.१%) परिवारले जातीय पेसा प्रयोगमा नल्याएको पाइन्छ। यसको अलावा सानो परिवारले प्रयोगमा मात्र ल्याएको बताउछन्। परिबर्तित समाजमा मानिसले नयाँ नयाँ वस्तुहरू प्रयोगमा ल्याउन थालेको कारण आफूले अगाल्दै

आएको पेसा र उत्पादनले वजार नपाउने, लागत बढी लाग्ने कारण पेसा प्रति त्यति सन्तुष्ट नभएको बताउछन् । यसबाट के देखिन्छ भने अध्ययन परिवारहरू विस्तारै सो पेसाबाट विस्थापित हुदै गएको र जीवनयापनको अन्य उपायहरू अपनाएको देख्न सकिन्छ ।

## ४.१८. आम्दानीको स्रोत

मानिसले कुनै बस्तु तथा सेवा बिक्रि गरेर प्राप्त गर्ने रकमलाई आम्दानी भनिन्छ । जीवनयापनको लागि आम्दानी अति आवश्यक पर्छ । व्यक्तिको आम्दानीमा नै उसको खानपान ,शिक्षा, स्वास्थ्य आदि भर पर्छ । अध्ययन परिवार पनि जीवनयापनको लागि विभिन्न कृयाकलापमा संलग्न भएकाछन । जुन तलको तालिकामा ब्याख्या गरिएको छ ।

**तालिका ४.१४**

**आम्दानीको स्रोत र उत्तरदाता**

| **आम्दानीको स्रोत** | **उत्तरदाता सङ्ख्या** | प्रतिशत |
|---|---|---|
| सरकारी जागिर | २ | २.८ |
| किसानी | २ | २.८ |
| व्यवसाय | ४ | ५.६ |
| जातीय पेसा | १६ | २२.५ |
| ज्याला मजदुरी | १९ | २६.८ |
| निजी जागिर | २८ | ३९.५ |
| जम्मा | ७१ | १००.० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

तलिका ४.१४ अनुसार अध्ययन परिवार आम्दानीको लागि विभिन्न कृयाकलापमा सहभागि भएको पाइन्छ । नेपाल कृषि प्रधान देश भएपनि यहाँका ज्यादै सानो २ परिवार मात्र कृषिमा निर्भर भएको पाइन्छ । अध्ययन परिवारका ठूलो सङ्ख्याले जीवनयापनको लागि २८(३९.५%) परिवारले निजि जागीर तथा १९ परिवारले ज्याला

मजदुरी, निबार्हको लागि मात्र भएपनि १६(२२.५%)परिवारले जातीय पेसा गरेर आम्दानी गरेको देखिन्छ ।

## ४.१९. परिवारको औसत मासिक आम्दानी

मानिसले महिना भरिमा आफूले गरेको काम तथा सेवा बापत प्राप्त गर्ने रकमलाई मासिक आम्दानी भनिन्छ । व्यक्तिले महिना भरिमा कति आम्दानी गर्छ यहीबाट उसको जीवनको स्तर निर्धारण हुन्छ । आर्थिक रूपमा मानिस संम्पन्न बिपन्न भनेर परिभाषित गर्ने आधार पनि यही आम्दानी नै हो । अध्ययन क्षेत्रका परिवारले औसत मासिक रूपमा कति आम्दानी गर्छन् भन्ने संबन्धमा तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४.१५**

**परिवारको औसत मासिक आम्दानी र उत्तरदाता**

| **औसत आम्दानी** | **उत्तरदाता सङ्ख्या** | प्रतिशत |
|---|---|---|
| रु. ५ हजारदेखि १० हजार | ३१ | ४३.८ |
| रु. १० हजारदेखि २० हजार | ३४ | ४७.७ |
| रु. २० हजरदेखि ३० हजार | ६ | ८.५ |
| जम्मा | ७१ | १००.० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

तालिका ४.१५ अनुसार परिवारको आम्दानी ५ हजार देखि १० हजारसम्म हुने परिवार सङ्ख्या ३१ अर्थात् ४३.८ प्रतिशत रहेको छ । त्यसै गरी मासिक आम्दानी १० हजारदेखि २० हजारसम्म हुने परिवार सङ्ख्या ३४ अर्थात् ४७.७ प्रतिशत रहेको छ । यसको अलवा अध्ययन क्षेत्रका थोरै परिवार सङ्ख्या ६ अर्थात् ८.५% परिवारको मात्र मासिक रूपमा २० हजारदेखि ३० हजारसम्म आम्दानी गर्दछन ।

## ४.२०. परिवारको औसत मासिक खर्च

मनिसले आफ्नो दैनिक आवश्यकता पूरा गर्न निश्चित रकम खर्च गर्नु पर्दछ । महिना भरि गरिने खर्चलाई मासिक खर्च भनिन्छ । व्यक्तिले आफ्नो क्षमता अनुसार खर्च

गर्दछ। अध्ययन क्षेत्रका परिवारले महिनामा कति खर्च गर्दछन त्यही अनुसार नै उनीहरूको जीवनस्तर झल्किन्छ। अध्ययन परिवारले औषत रूपमा कति खर्च गर्दछन भन्ने बारेमा पनि विभिन्न तथ्याङ्क सङ्कलन गरेकोमा निम्न नतिजा प्रस्तुत गरिएको छ।

**तालिका ४.१७**

**परिवारको औसत मासिक खर्चका आधारमा उत्तरदाता**

| **औसत खर्च** | **उत्तरदाता सङ्ख्या** | प्रतिशत |
|---|---|---|
| रु. २० हजारदेखि ३० हजार | २ | २.८ |
| रु. १० हजारदेखि २० हजार | २७ | ३७.८ |
| रु. ५ हजरदेखि १० हजार | ४२ | ५९.४ |
| जम्मा | ७१ | १००.० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

तालिका ४.१७ अनुसार यहाँका परिवारको मासिक आम्दानी र खर्च हेर्दा ठूलो परिवार समूह वा ४२(५९.४%) ले ५-१० हजारसम्म मासिक खर्च गरेको पाइन्छ। यसैगरी २०-३० हजार सम्म खर्च हुने २(२.८%) परिवार मात्र छन्। आम्दानी र खर्चको तालिका हेर्दा २०-३० हजारसम्म आम्दानी गर्ने परिवारले बढी बचत गर्न सफल भएको देखिन्छ। १०-२० हजारसम्म मासिक खर्च गर्ने परिवार २७ (३७.८%) छ। यस समूहका केही परिवारले पनि बचत गर्न सकेको देखिन्छ।

# अध्याय पाँच

# दलित बालबालिकाहरूको अध्ययनमा सहभागिता

## ५.१ दलित बालबालिकाहरूको अध्ययनमा सहभागिता

नेपाल एक विकासशील मुलुक हो । यहाका अधिकांस मानिस गरीबिको रेखा मुनि छन । मानिसको अति आवश्यक आवश्यकता पनि पुरा हुन सकेको छैन । गरीबिकै कारण स्कूल उमेरका बालबालिका अझै पनि विद्यालय बाहिर छन् । यसमा बिशेष गरि दलित बालबालिका पर्दछन् । शिक्षामा सबैको अनिवार्य समान सहभागिता हुनुपर्छ । बालबालिका विद्यालय जानका लागि सरकार, विभिन्न सङ्घ संस्था आदिबाट चौतर्फी पहल भएको छ । विगतको भन्दा तुलनात्मक रूपमा अहिले विद्यालय पठाउने प्रबृति बढेको भएपनि सामाजिक, आर्थिक, पारिवारिक सास्कृतिक, तथा विद्यालयको शैक्षिक वातावरण जस्ता कारणले दलित बालबालिका सहज रूपमा विद्यालय जान सकेका छैनन् । विद्यालय गए पनि अध्ययन पुरा गरेको देखिदैन । विभिन्न कारणहरूले अध्ययनलाई बिच कक्षामानै छाडेको पाइन्छ । यस सम्बन्धमा तल बिस्तृत अध्ययन तथा व्याख्या गरिएको छ ।

### ५.१.१ उत्तरदाताका बालबालिका

यस अध्ययनले विशेषषगरि बालबालिकाको शिक्षामा सहभागितामा विषयमा जोड दिन्छ । बालबालिका भन्नाले बच्चा जन्मेपछि अध्ययन गर्दै गरेका तथा घरमा नै बसेका सवै केटा केटीलाई बुझाउछँ । अध्ययन परिवार जम्मा ७१ घर मध्ये कुन कुन घरमा बालबालिका छन् छैनन् भन्ने सम्बन्धमा आवश्यक तथ्यनकं सङ्कलन गरि परिणामालाई तल प्रस्तुत गरिएको छ ।

**तालिका ५.१**

**बालबालिकाका आधारमा उत्तरदाता**

| **बालबालिका** | **उत्तरदाता सङ्ख्या** | प्रतिशत |
|---|---|---|
| भएका | ६८ | ९५.८ |
| नभएका | ३ | ४.२ |
| जम्मा | ७१ | १००.० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

माथिको तालिका बमोजिम अध्ययन ७१ घरपरिवार मध्ये जम्मा ६८ मा मात्र बालबालिका भएका र बाकि ३ घरपरिवारमा बच्चा नभएको पाइयो । यस अध्ययनले बालबालिकाको शिक्षा सम्बन्धि सम्पूर्ण सूचना बच्चा भएका अभिभावकसँग मात्र लिएको छ ।

## ५.१.२ बालबालिकाको विद्यालयमा सहभागिता

सवै वालवालिकाले समानरूपमा विद्यालयमा सहभागि हुन पाउनु पर्छ यो बालबालिकाको नैसर्गिक अधिकार हो। विद्यालयमा समान सहभागिताको लागि सरकार,सरोकारवाला सङ्घ संस्था समाजका अगुवा प्रतिनिधि सबैले बालबालिका विद्यालय पठाउँन विभिन्न पहल गर्दै आएका छन् । अध्ययनक्षेत्रका कति बालबालिका कति कक्षामा पढ्छन भन्ने बारेमा तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२**

**पढ्ने कक्षाका आधारमा बालबालिका**

| **कक्षा** | **बालबालिका सङ्ख्या** | **सरकारी** | **निजि** |
|---|---|---|---|
| नर्सरी - ५ सम्म | ७५ | ३६ | ३९ |
| ६ - १० सम्म | ११४ | ७३ | ४१ |
| एस.एल.सी भन्दा माथि | १५ | ११ | ४ |
| जम्मा | २०४ | १२० | ८४ |


स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

तालिका ५.२ अनुसार सरकारी विद्यालयमा १२० जना र निजी विद्यालयमा ८४ जना बालबालिकाले अध्ययन गरेको पाइयो । नर्सरी देखि कक्षा पाचसम्म पढ्ने बालबालिकाको सङ्ख्या ७५ जना रहेको छ। त्यसैगरी कक्षा ६ बाट १० सम्म पढ्ने बालबालिकाको सङ्ख्या ११४ जना रहेको पाइन्छ। यो सङ्ख्या माथिको तालिकामा सबैभन्दा धेरै देखिन्छ। उल्लेखित तालिकामा सबैभन्दा कम १५ जना एस.एल.सी भन्दा माथि पढ्नेको देखिएको छ। उक्त तालिका बमोजिम सरकारी विद्यालयमा जम्मा १२० जना बालबालिकाले अध्ययन गर्दछन । त्यसैगरी निजि विद्यालयमा जम्मा ८४ जना बालबालिकाले अध्ययन गरेको पाइन्छ।

### ५.१.३ केटा केटीको आधारमा स्कुलमा सहभागिता

नेपाली समाजमा विभिन्न किसिमको विभेद छ। छोरा छोरी बिच घर परिवार, समाजबाट फरक फरक व्यवहार गरिन्छ। यसलाई समाजशास्त्रमा लैगिंक विभेद भनिन्छ। हाम्रो समाजमा छोरीलाइ विवाह गरी दिने जात भनी पढाउन बलियो पहल गरिदैन। पछिल्लो समयमा आएर यस धारणामा परिवर्तन आएको छ। दुबै सन्तान समान हुन भन्ने अवधारणाको विकास भएको छ। यसमा विशेष गरी राज्य, सरोकारबाला सङ्घ संस्था तथा समुदायले  यस सबालमा लागि परेको देखिन्छ।

**चित्र ५.१**




**सहभागिताको आधारमा केटा केटी**


स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

चित्र अनुसार ५.१ समग्ररूपमा हेर्दा केटाको सङ्ख्या पढ्नमा वढी देखिएको छ। सानो कक्षा नर्सरी देखि कक्षा पाँचसम्म पढ्ने सङ्ख्यामा केटीको वढी देखिन आएको पाइन्छ। विद्यालय जाने उमेरका सबै बालबालिका विद्यालय गएको पाइन्छ। केटा केटी विच कुनै विभेद गरेको पाइँदैन।

## ५.१.४ छोराको लागि स्कूल

स्कूल औपचारिक ज्ञान आर्जन गर्ने मूख्यथलो हो। विद्यालयवाट नै बालबालिकाले आफ्नो भविष्य निर्माण गर्दछन्। स्कूल आबश्यक सबै सेवा सुविधाले सम्पन्न र बालमैत्री हुन आवश्यक पदर्छ। नेपालीसमाजमा सरकारी तथा निजी विद्यालय प्रचलनमा आएको पाइन्छ। यहाँ अझै पनि विभिन्न प्रकारको बिभेद छ। छोरालाई बढी महत्वका साथ हेरिन्छ। अध्ययन परिवारले छोरा छोरीलाई सरकारी, निजी कुन विद्यालयमा पढाउँछन भन्ने बारेमा तथ्याङ्क सङ्कलन गरिएको थियो। जुन नतिजालाई तल प्रस्तुत गरिएको छ।

**चित्र ५.२**




**स्कूलको आधारमा छोरा**


स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

चित्र ५.२ अनुसार अधिकांश अध्ययन परिवारले छोरालाई सरकारी विद्यालयमा पढाउने गरेको पाइन्छ। यसको अलवा राम्रो आम्दानी गर्ने परिवारले आफ्ना छोराहरूलाई निजी विद्यालयमा पनि पढ्न पठाएको पाइयो। यसबाट के देखिन आउँछ भने समुदायको नाजुक आर्थिक अवस्था तथा नजिकै सबै सुविधायुक्त सरकारी विद्यालय भएको कारण ठूलो अध्ययन परिवारले  सरकारी विद्यालयमा पढाउन पठाएको देखिएको छ।

## ५.१.५ छोरीको लागि स्कूल

नेपाली समाजमा विभिन्न किसिमको विभेद छ। समाज अनुसार छोरा छोरी विच घर परिवार, समाजबाट फरक फरक व्यवहार गरिन्छ। यसलाई समाजशास्त्रमा लैगिंक विभेद भनिन्छ। हाम्रो समाजमा छोरीलाई विवाह गरी दिने जात हो भनी पढाउन बलियो पहल गरिदैन। पछिल्लो समयमा आएर यस धारणामा परिवर्तन आएको छ। दुवै सन्तान समान हुन भन्ने अवधारणाको विकास भएको छ। यसमा विशेष गरी राज्य,सरोकारबाला सङ्घ संस्था तथा समुदायले यस सबालमा लागि परेको देखिन्छ। अध्ययन परिवारले छोरीलाई सरकारी निजी कुन विद्यालयमा पठाउछन् भनेर तथ्याङ्क सङ्कलन गरी नतिजा तल प्रस्तुत गरिएको छ।

**चित्र ५.३**




**स्कूलको आधारमा छोरी**

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

चित्र ५.३ अनुसार अध्ययनका अधिकांस परिवारले छोरीहरूलाई सरकारी विद्यालयमा पढ्न पठाएको पाइन्छ । केही परिवारले निजी विद्यालयमा पढ्न पठाएका छन् । यिनिहरूले विशेषगरी पछि जन्मेका छोरीलाई सामाजिक चलन अनुसार निजि विद्यालयमा पढ्न पठाएको पाइन्छ। सानो परिवाारले आफ्ना छोरीहरूलाई निजि सरकारी दुवै विद्यालयमा पढन पठाएका छन् । यसबाट के देखिन्छ भने दलित जाति भएपनि समाजमा आएको परिवर्तन अनुसार छोरा र छोरी विच ठूलो विभेद नभएको तालिकावाट प्रष्ट हुन्छ ।

## ५.२ दलित बालबालिकाले पढाइलाई निरन्तरता नदिनुका कारणहरू

नेपालको परिवेशमा अझै पनि विद्यालय उमेरका केही बालबालिका विद्यालय भन्दा बाहिर भएको विभिन्न तथ्याङ्कले देखाउँछ। यसमा विशेष गरी दलित तथा गरिब समुदायका बालबालिका पर्दछ। सबै बालबालिकालाई विद्यालय पठाउन विभिन्न पक्ष राज्य, समाज, सम्बन्धित सङ्घसस्थाले प्रयास गरेको भए पनि घरायसी, आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणले पढाइलाई निरन्तरता नदिइ विचमा नै छाड्छन। अध्ययन समुदायका केही बालबालिकाले पनि पढाइलाई विचमानै छाडेको पाइन्छ। अध्ययन क्षेत्रका परिवार कसैले पनि उच्च शिक्षा हासिल गरेर सरकारी तथा निजि कही पनि उच्च तहमा काम गरेको पाइँदैन । यस सम्बन्धमा तल व्याख्या गरिएको छ ।

### ५.२.१ छोरीहरूले स्कूल छोडेका कक्षाहरू

नेपाली समाजमा छोरा र छोरीलाई घर, समाजबाट फरक व्यवहार गरिन्छ। अर्काको घरमा विवाह गरी दिने भनेर पढाउन बलियो पहल गरिदैन् । पढाउनको लागि स्कुल भर्ना गरे पनि विभित सामाजिक, आर्थिक तथा घरयासि आदि कारणले बिचमा कक्षा छाड्ने प्रवृति व्याप्त छ। यस बारेमा गरिएको तथ्याक सङ्कलनमा निम्न नतिजा आएको थियो ।

## तालिका ५.३

## छोरीहरूले स्कूल छोडेका कक्षाहरू र उत्तरदाता

| कक्षाहरू | | उत्तरदाता सङ्ख्या | छाडेको कक्षा | प्रतिशत |
|---|---|---|---|---|
| बिचमा कक्षा छाड्ने | १६ | १० | ५,६,७ | २२.५३ |
| | | २ | ८,९ | |
| | | २ | १०,११ | |
| | | २ | १२ | |
| बिचमा कक्षा नछाड्ने | ५२ | | | ७३.२३ |
| बच्चा नभएका | ३ | | | ४.२४ |
| जम्मा | ७१ | | | १००.०० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

नेपाली समाज लैङ्गिक विभेदले व्याप्त छ। यहाँ महिला/छोरीलाई छोराको तुलनामा कम महत्व दिइन्छ। छोरीलाई जसरी भएपनि पढाउनै पर्छ भन्ने मानिसकता बलियो रूपमा देखिदैन। विद्यालय भर्ना गरेपनि सामाजिक,आर्थिक,घर्यासी जस्ता विभित कारणले छोरीहरूले वीचमानै विद्यालय छाड्छन। अध्ययन क्षेत्रका १६ परिवारका छोरीहरू विच कक्षा पढेर छाडेको पाइन्छ। २ घरपरिवारका छोरीहरूले मात्र कक्षा १०,११ पढदा छाडेका वताए। त्यसै गरी २ घरका बालिकाहरूले ८,९ कक्षा अध्ययन गर्दा गर्दै छाडेको पाइन्छ। अधिकांस परिवारका (१०) छोरीहरूले ५,६,७ कक्षामा नै पढाइ छाडेको पाइन्छ। त्यसैगरी २ परिवारका छोरीहरूले १२ कक्षामा पढाइ छाडेको पाइन्छ। अध्ययन परिवारका छोरीहरूले यसरी विचमा नै अध्ययन छाडनुमा बाबा आमा काममा जानु पर्नाको कारणले छोरीहरूले घरको काम गर्नु पर्ने, भाई बहिनी हेर्नुपर्ने तथा आर्थिक अभावका कारणले पढाइ छाडेको बुझिन्छ। यसवाट के वुझिन्छ भने आर्थिक अभाव सामाजिक चालचलन आदि कारणले छोरीहरूले विचमानै कक्षा छाडेको बुझिन्छ।

## ५.२.२ छोराले स्कूल छाडेका कक्षाहरू

नेपाली समाजमा तुलनात्मक रूपमा छोरालाई बढी प्राथमिकताका साथ लिइन्छ। परम्परागत सोचाइमा छोरालाई अति आवश्यक सन्तानको रूपमा लिइन्छ। आमा बाबु आफूहरू मरे पछि पनि स्वर्ग तर्न, धर्म अनुसार निश्चित काम गर्न छोरा नै चाहिन्छ भन्ने जनधारणा पाइन्छ। यस सोचाइको बाबजूद पनि अध्ययन क्षेत्रका परिवारले आफ्ना छोरालाई उच्च शिक्षा हासिल गराउन सकेका छैनन्। यस संबन्धमा अध्ययन परिवारका छोराहरूले कति कक्षा पढेर छाडे भन्ने वारे तथ्याङ्क सङ्कलन गर्दा निम्न नतिजा आएको थियो।

**तालिका ५.४**

**छोराले स्कूल छाडेका कक्षाहरू**

| कक्षाहरू | | उत्तरदाता सङ्ख्या | छाडेको कक्षा | प्रतिशत |
|---|---|---|---|---|
| बिचमा छाड्ने | ५ | २ | ७, ८ | ७.०३ |
| | | ३ | १०, १२ | |
| बिचमा कक्षा नछाड्ने | ६३ | | | ८८.७३ |
| बच्चा नभएका | ३ | | | ४.२४ |
| जम्मा | ७१ | | | १००.०० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

तलिका ५.२ अनुसार ७१ घर परिवार मध्ये ६८ परिवारको मात्र बालबालिका भएको र ३ घर परिवारको बालबालिका नै नभएको पाइयो। अध्ययन परिवारका ५ घरका छोराले मात्र बिच कक्षामा पढाइ छाडेको पाइन्छ। तालिका अनुसार छोरीको तुलनामा छोराले कम सङ्ख्यामा स्कूल छाडेको देखिन आउँछ। छोराले कक्षा छाड्दा छोरीले जस्तो सानो कक्षामा छाडेको पनि पाइँदैन। यसबाट के देखिन आउँछ भने दलित जातिमा पनि अन्य जाति तथा समाजमा जस्तै छोराले तुलनात्मक रूपमा वढी महत्व पाएको देखिन्छ।

### ५.२.३ छोरीहरूले बिचमा कक्षा छाड्नाका कारणहरू

नेपाली समाजमा छोरीहरूलाई अर्काको घरमा विवाह गरी दिने भनेर पढाउन बलियो पहल गर्दैनन्। समाजमा पारिवारिक, आर्थिक तथा सामाजिक विभिन्न कारणले विद्यालय भर्ना भएका धेरै बालबालिकाले बिचमा नै पढाइ छाड्ने गरेको पाइएको छ। अध्ययन परिवारका छोरीहरूले के कति कारणले विचमा कक्षा छाडे भन्ने बारेमा अभिभावकसँग जिज्ञासा राख्दा सब १६ परिवारले आर्थिक अभावको कारण बिचमा कक्षा छाडेको बताए पनि सामाजिक मानसिकताले पनि काम गरेको पाइन्छ।

### ५.२.४ छोराहरूले बिचमा कक्षा छाड्नका कारणहरू

नेपाली समाजमा पारिवारिक, आर्थिक तथा सामाजिक विभित कारणले विद्यालय भर्ना भएका धेरै बालबालिकाले बिचमा नै पढाइ छाड्ने गरेको पाइएको छ। अध्ययन समुदायका ५ परिवारका छोराहरूले बिचमा कक्षामा पढाइ छाडेकाछन्। सबै परिवारका छोराहरूले वीचमानै पढाइ छाड्नुको कारणमा आथिक पक्षनै जिम्मेवार रहेको वताए। दलित परिवारका छोराहरू सानैमा मजदुरी गर्न,जातीय पेसामा अभिभावकलाई सघाउन तथा कामको खोजिमा भारत लगायतका देशमा जान प्रयास गर्नाले पढाइलाई निरन्तरता नदिने देखिन्छ।

## ५.३ दलित बालबालिका र शिक्षा प्रतिको चासो

कुनै पनि काममा सफलता प्राप्त गर्न सम्बन्धित व्याक्ति नै तिब्र इच्छाका साथ लाग्नुपर्छ। यसै गरी बालबालिकाले पढाइमा सफलता प्राप्त गर्न पनि परिवार, समाज, विद्यालयको शैक्षिक वातावरण तथा उसको आर्थिक अवस्था जस्ता पक्षले अति नै प्रभाव पार्छ। यसमा कुनै एकको एक्लो पहलले सजिलै सफलता हासिल गर्न सकिदैन। बालबालिकाले पनि स्वतस्फूर्त रूपमा पढ्नमा मन लगाए भने त्यो उपलब्धि मूलक भई परिणाम राम्रो हुन्छ।

### ५.३.१ बच्चाहरूको पढाइ प्रतिको चाहनाको स्तर

कुनै पनि काममा सफलता प्राप्त गर्न तिब्र इच्छाका साथ लाग्नु पर्छ। बालबालिकाले पनि स्वतस्फूर्त रूपमा पढ्नमा मन लगाए भने त्यो उपलब्धि मूलक भई

परिणाम राम्रो आउँछ। अध्ययन परिवारका बालबालिकामा अध्ययनको चाहनाको अवस्थाको बारेमा तथ्याङ्क सङ्कलन गरिएकोमा नतिजा निम्न प्रकार छ।

**तालिका ५.५**

**बच्चाहरूको पढाइप्रतिको चाहनाको स्तर र उत्तरदाता**

| चाहनाको स्तर | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकदमै उत्सुक | ४ | ५.६ |
| सन्तोषजनक | ६४ | ९४.४ |
| जम्मा | ६८ | १००.० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका सानो वा ४ (५.६%) परिवारको बच्चा पढ्नमा एकदमै उत्सुक भएको पाइन्छ। ठुलो परिवार ६४ (९४.४%)समूहका बालबालिका पढ्नमा सन्तोषजनक रहेको अभिभावकले बताए। यो तालिका हेर्दा यो समुदायका बालबालिकामा अध्ययन प्रति राम्रो रुचि भएको पाइन्छ।

## ५.३.२ बच्चाहरूको विद्यालयमा नियमितता

कुनै काममा सफलता प्राप्त गर्न लगातारको नियमितता चाहिन्छ। शिक्षाहासिल गर्न पनि लगातार लागि पर्नुपर्छ। यसमा निरन्तरता भएन भने परीक्षामा राम्रो परिणाम ल्याउन सकिदैन। यस सम्बन्धमा अध्ययन परिवारमा गरिएको तथ्याङ्क सङ्कलनमा सबै परिवारका बच्चाहरू पढ्नका लागि नियमित विद्यालय जाने गरेको अभिभावकले वताए। अध्ययनको क्रममा बालबालिका कहिल्यै पनि घरमा बसेको  पाइन्।

## ५.३.३ बच्चाहरूको परीक्षाको अवस्था

शिक्षा सफलता प्राप्त गर्न नियमित निश्चित परीक्षा पास गर्दै जानु पर्छ। अध्ययन क्षेत्रका परिवारका बालबालिका लागि अध्ययनमा अनुकुल वातावरण भएकोले नियमित

स्कुल जाने र राम्रोसँग पढ्ने हुनाले सबै बालबालिका परीक्षामा राम्रो अंक उत्तीर्ण हुने गरेको अभिभावकले वताए ।

## ५.४ घटना अध्ययन

घनश्याम वि.क (नाम परिवर्तन) छोरीले घरायसी, आर्थिक तथा सामाजिक विभिन्न समस्याको बाबजूद पनि पढाइमा राम्रो ध्यान दिएको उल्लेख गरे । छोरीले अहिले कक्षा सातमा पढ्दै गरेको भन्दै उनी साह्रै मेहनेती भएको कारण परिक्षमा राम्रो अंक ल्याएर पास गरेको बताउँछन् । उनीहरू विहान वेलुका काम गरेर पनि फुर्सदको समयमा तथा राति अबेरसम्म र विहानमा सबेरै उठेर पढ्नमा ध्यान दिने अभिभावकले बताए । यही कारणले गर्दा आफ्ना बालिका कहिल्यै परीक्षामा अनुत्तिर्ण नहुने कुरा उनले वताउँछन् ।

## अध्याय छ

# उत्तरदाताको सरकारी निकायप्रतिको धारणा

### ६.१ नगरपालिकाले प्रदान गर्ने सेवाहरू

नेपाल सरकार/नगरपालिकाले गरीब विभिन्न समुदायलाई बालबालिकाहरू विद्यालय सहजरूपमा जाऊन भन्ने उद्देश्यले विभिन्न सेवाहरू छात्रावृत्ति कार्यक्रम, मासिकशुल्क सहुलियत, पोसाक आदि सेवा प्रदान गर्दै आएको छ। यी सुविधाका बावजूद पनि अति गरीब परिवारमा यो सेवा सुविधा पर्याप्त भएको पाइँदैन। यस बारेमा तथ्याङ्क लिएकोमा निम्न नतिजा प्रस्तुत गरिएको छ।

**तालिका ६.१**

**नगरपालिकाले प्रदान गरेका सेवाहरू र उत्तरदाता**

| सेवाहरू | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पोशाक | ८ | ११.७ |
| केही छैन | ६० | ८८.३ |
| जम्मा | ६८ | १००.० |

नगरपालिकाले पछाडि परेका समुदायलाई विभिन्न सेवा सुविधा प्रदान गर्ने भने पनि अध्ययन क्षेत्रका अधिकांश परिवारले उक्त सेवा सुविधा केही पनि प्राप्त नगरेको बताए। यसको अलावा सानो परिवारले पोशाक मात्र प्राप्त गरेको वताए। यसबाट के देखिन आउँछ भने वास्तविक समुदाय सम्म नगरपालिकाले प्रदान गरेको सेवा सुविधा नपुगेकोले यसमा धेरै सुधार गर्नु पर्ने देखिन्छ।

## ६.२ बालबालिकाहरू स्कुल नजादा स्थानीय प्रतिनिधिहरूको प्रतिक्रिया

समाजको सबैखाले विकासप्रति अगुवा प्रतिनिधीहरू जिम्मेवार रहन्छन् । समाजका अगुवा प्रतिनिधिहरूलाई समाजको मार्गदर्शक मानिन्छ । अध्ययन क्षेत्रका बालबालिका स्कुल नजादाँ पनि अगुवा प्रतिनिधिहरूले आफ्नो पक्षबाट विभिन्न पहल गरेका छन् । यस सम्बन्धमा तल तालिकामा व्याख्या गरिएको छ ।

**तालिका ६.२**

**बालबालिका विद्यालय नजाँदा स्थानीय प्रतिनिधिहरूको प्रतिक्रिया र उत्तरदाता**

| प्रतिक्रिया | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सम्झाउँछन् | ४ | ५.८ |
| विद्यालय पठाउने प्रयास गर्छन् | ६४ | ९४.२ |
| जम्मा | ६८ | १००.० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

माथिको तालिका अनुसार अधिकांश अध्ययन परिवारले बालबालिका स्कुल नजाँदा अगुवा प्रतिनिधीले बालबालिकालाई विद्यालय पठाउन पहल गर्दछ । प्रतिनिधिहरू विद्यालय तथा नगरपालिकामा गएर यस सम्बन्धमा छलफल गर्दछन् । यसको अलावा सानो परिवारले बालबालिका स्कूल पठाउनु पर्छ भनी अगुवा प्रतिनिधिहरूले आफूहरूलाई तथा बालबालिकालाई सम्झाउने गरेको बताए ।

## ६.३ नगरपालिकाले प्रदान गर्ने सेवाहरू प्रति उत्तरदाताहरूको धारणा

नेपाल सरकारले कुनै पनि बालबालिका स्कूल भन्दा बाहिर नरहनु भनेर विभिन्न सेवा सुविधा प्रदान गर्दै आएको छ । विशेष राज्यले गरीब दलित समुदायमा बढी प्राथमिकता दिएको पाइन्छ तर वास्तविक गरीब बालबालिका सामु यो सुविधा पुग्न सकेको देखिदैन । उक्त सेवा सुविधा प्राप्त गरे पनि ज्यादै न्यून छ । अध्ययन परिवारमा यो सेवा सुविधा उपलब्धताको अवस्था बारेमा तथ्याङ्क लिएकोमा निम्न नतिजा आएको थियो ।

**तालिका ६.३**

**नगरपालिकाले प्रदान गर्ने सेवाहरूप्रतिको धारणा र उत्तरदाता**

| धारणा | उत्तरदाताहसङ्ख्या | प्रतिशत |
|---|---|---|
| अति सुधार गर्नुपर्ने | ८ | ११.७ |
| केही छैन | ६० | ८८.३ |
| जम्मा | ६८ | १००.० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

माथिको तालिका अनुसार नेपाल सरकार वा नगरपालिकाले प्रदान गर्ने सेवामा सानो परिवारले मात्र केही सेवा प्राप्त गरेको तर अझै यसमा सुधार गर्नुपर्ने बताउँछन् । यसको अलावा अधिकांश (८८.३%) उत्तरदाताले सेवा सुविधा केही पनि नभएको बताए । यसबाट के बुझिन्छ भने सरकारले प्रदान गर्ने सेवा सुविधाहरू वास्तविक समुदायसम्म नआएको, सरकारी नारा नारामा नै सिमित भएको बुझिन्छ । अध्ययन समुदायका बालबालिकाको पढाइमा यस राज्यले प्रदान गर्ने सेवा सुविधा पर्याप्त नभएको कारण पनि नकरात्मक असर परेको देखिन्छ ।

## ६.४ नगरपालिका प्रति आशा

कुनै पनि देशमा नागरिक र राज्य विचमा अन्तरसम्बन्ध हुन्छ । राज्यको कर्तव्य नागरिकको अधिकार बन्छ । सो बमोजिम नागरिकले पनि राज्यप्रति निश्चित कानून अनुसार जिम्मेबारी पूरा गर्नुपर्छ । प्रत्येक अभिभावकले आफ्ना बालबालिकाले अध्ययन पछि रोजगार प्राप्त गरी सहजजीवन व्यतित गरुन भनी कामना गर्दछन्  तर नेपालमा यसको शुनिश्चतता छैन् । नेपालीहरूले बेरोजगारको कारणले विभिन्न किसिमको समस्या भोग्दै आएका छन् । कामकै खोजीमा धेरै नेपाली विदेशिन वाध्य भएका छन् । समुदायको राज्य वा नगरपालिका प्रति कस्तो चाहना छ भन्ने सम्बन्धमा तलको तालिकामा प्रष्ट पारिएको छ ।

**तालिका ६.४**

**नगरपालिकाप्रति आशा र उत्तरदाता**

| **आशा** | **उत्तरदाता सङ्ख्या** | प्रतिशत |
|---|---|---|
| उत्तर दिन नचाहेको | २ | २.८ |
| पढाइ पछि जागिरको सुनिश्चितता | ६६ | ९७.२ |
| जम्मा | ६८ | १००.० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

माथिको तालिका अनुसार अधिकांश अध्ययन परिवारले आफ्ना बालबालिकाले अध्ययन पछि रोजगारी प्राप्त गरुन भन्ने चाहना राख्छन्। यसको शुनिश्चितता नगरपालिकाले गरोस् भन्ने आशा व्यक्त गरे। यसको अलवा सानो परिवार यस सम्बन्धि जिज्ञासा राख्दा अनविज्ञता जनाए।

## ६.५ विद्यालय जाने अनुकूल वातावरण

कुनै पनि काम सफल हुनको लागि एउटा व्यक्तिको प्रयासले मात्र सम्भव हुदैन् । यसको सफलताको लागि परिवार, समाज तथा राज्य जिम्मेबार बन्नु पर्छ। शिक्षा हासिल गर्न व्यक्तिको प्रयासको बावजूद परिवार, समाज, विद्यालय तथा राज्यको चौतर्फी सहयोग आवश्यक पर्छ। अध्ययन परिवारमा यस सम्बन्धि अवस्था बुझ्न निम्न तथ्याङ्क प्रस्तुत गरिएको छ।

**तालिका ६.५**

**हाल विद्यालय जाने अनुकुल वातावरण**

| **हाल अनुकुल वातावरण** | **उत्तरदाताहसङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| थाहा छैन | २ | २.८ |
| छ | ६६ | ९७.२ |
| जम्मा | ६८ | १००.० |

स्रोत : कार्य क्षेत्र अध्ययन २०६९

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा अधिकांश परिवारले विद्यालय जान अति नै अनुकुल वातावरण रहेको बताए। यसको अलवा सानो वा २.८ परिवारले मात्र

यस सम्बन्धमा अनविज्ञता जनाए। यसबाट के बुझिन्छ भने अध्ययन परिवारलाई विद्यालय जान ज्यादै सहज वातावरण रहेको छ भन्ने बुझिन्छ।

## ६.६ घटना अध्ययन

मिठू परियार (नाम परिवर्तन) घरको काम गरिरहेकी थिइन्। आमा बाबा काममा गएका थिए। मैले यस सम्बन्धमा किन विद्यालय नगएर घरमानै काम गरेको भन्ने प्रश्नको जवाफमा उनले आफूले आठ कक्षा पढेर छाडेको, जति दु.ख गरेर पढे पनि पछि जागिर नपाइने काम गरेर नै खान पर्ने भन्दै दुःख व्यक्त गरिन्। घरको ठूलो दाजुले १२ कक्षा पढेर पनि घरमा नै आफूले जस्तै काम गरेको भन्दै सरकारले व्यक्तिको योग्यता अनुसार जागिरको व्यवस्था गर्नुपर्ने बताइन्।

## अध्याय सात

# सारांश, उपलब्धि र निष्कर्ष

## सारांश

नेपल विकासोन्मुख राष्ट्र हो । यस देशमा तीब्र गतिमा आर्थिक विकास हुन सकेको छैन । देशको विकासको लागि आर्थिक विकास हुन जरुरी छ । विकासका लागि शैक्षिक विकास महत्वपूर्ण पक्ष हो । शैक्षिक विकास विना राष्ट्रिय विकास असम्भव छ । शिक्षामा सबै वर्ग समुदायको समान सहभागिता पनि हुन अति नै जरुरी छ ।

स्याङ्जा पुतलीबजार नगरपालिका -११ का कामी तथा दमाई समुदाय काबालबालिकाको शिक्षामा सहभागिता विषयमा आधारित समाजशास्त्रीय अध्ययनले दलित बालबालिकाहरूको शिक्षामा कस्तो सहभागिता छ,, बालबालिकाले अध्ययनलाई बिच कक्षामानै किन छाड्छन भन्ने प्रश्नको कारण खोज्ने तथा बालबालिकाले पढाइमा कस्तो चाहना राख्छन् तथा दलित समुदायको सरकारी निकाय प्रतिको धारणण खोज्ने समस्याहरू रहेका छन् । यस अध्ययनको सामान्य उद्देश्यमा अध्ययन क्षेत्रमा दलित समुदायका बालबालिकाहरूको शैक्षिक सहभागिता खोज्नु रहकोछ । विशिष्ट उद्देश्यमा दलित बालबालिकाले पढाइलाई निरन्तरता नदिइ विचकक्षामा नै पढाइ छाड्नुका कारणहरू पत्ता लगाउने, बालबालिकाले अध्ययनमा राख्ने चासोका वारेमा विश्लेषण गर्ने, दलित समुदायको सरकारी  निकायप्रतिको धारणा खोज्ने रहेकोछ ।

यस अध्ययनको औचित्य विशिष्ट रूपमा यो अध्ययन समाजशास्त्र विषयमा स्नातकोत्तर उपाधि प्राप्त गर्ने उद्देश्यले गरिएको हुनाले यसको प्रमुख महत्त्व यसैमा केन्द्रित रहेको छ । यसको अलावा  विभिन्न रूपमा पछाडि पारिएका यी जातिहरूको शैक्षिक अवस्था पत्ता लगाई यस अध्ययनबाट आएको निष्कर्षले शिक्षामा सहभागिता बढाउन केही भए पनि मदत पुऱ्याउने छ । प्राज्ञिक क्षेत्रमा यस अध्ययनले सघाँउनेछ । यस अध्ययनको निष्कर्षले यस संवन्धित अध्ययन अनुसन्धान गर्नेलाई केही जानकारी दिनेछ। यस अध्ययनले जिल्ला स्तरमा विकास सम्बन्धी कार्य योजना तयार पार्न, सरकारी तथा

गैरसरकारी संघसंस्था तथा व्यक्तिलाई अगाडि अध्ययन गर्न सहयोग पुऱ्याउने आशा गरेकोछु । यस अध्ययनको सीमाहरूमा यस अध्ययन स्नतकोत्तर उपाधिको लागि मात्र गरिएको हो । ११ नं. वडामा बसोबास गर्ने कामी तथा दमाई समुदायको मात्र अध्ययन गरिएको छ । यसबाट निकालिएको निचोड अन्यत्र लागु नहुन सक्छ । स्रोत साधन तथा आर्थिक अभाव जस्ता कारणले ११ वडाका २३ घर कामी र ४८ घर दमाई समुदायको जम्मा ७१ घरको मात्र अध्ययन गरिएको छ । यिनीहरूको बारेमा विभिन्न पक्षमा अध्ययन विश्लेषण गर्न आवश्यक भए पनि उद्देश्यमा किटान गरिएको वाहेक अन्यलाई समावेश गरिएको छैन ।

यस अनुसन्धानमा अनुसन्धान ढाचांको रूपमा वर्णनात्मक, अन्वेषणात्मक विधि प्रयोग भएको छ । यस अध्ययनमा अध्ययन क्षेत्रका सम्पूर्ण परिवारको अध्ययन गरिने हुदा कुनै नमूना विधि प्रयोग नगरी जनगणना विधिबाट अध्ययन गरिएको छ । अध्ययनमा प्राथमिक तथा द्धितीय दुवै स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

यस अध्ययनमा तथ्याङ्क सङ्कलन गर्दा निम्न प्रकार विधिहरू प्रयोग गरिएको छ अन्तवार्ता अनुसुची, अवलोकन तथा मुख्य सूचनादाताबाट सूचना सङ्कलन । अध्ययनबाट आएका विभिनन तथ्यांकलाई तथ्याङ्कको प्रकृति र स्वरूपअनुसार मात्रात्मक तथा सङ्ख्यात्मक विधिबाट प्रस्तुत गरिएको छ । मात्रात्मक तथ्यांकलाई स्तम्भ चित्र, तालिका , सङ्ख्या र प्रतिशतमा व्याख्या गरिएको छ । अन्य तथ्याङ्कलाई व्याख्यात्मक रूपमा विश्लेषण गरिएको छ । अध्ययनको उद्देश्यअनुसार विभिन्न शिर्षकलाई विभिन्न अध्यनयमा विभाजन गरि व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ७.१ मुख्य उपलब्धि

- दलित समुदायका ६९ (९७.२ % ) उत्तरदाताहरू साक्षर मात्र भएको जानकारी प्राप्त भयो । बाकी २ (२.८) जना उत्तरदाता निरक्षर रहेको पाइयो ।
- उक्त समुदायका ६८ घरपरिवारका जम्मा २०४ जना बालबालिका विद्यालय जाने यसमा जम्मा ९५ जना केटी र जम्मा १०९ जना केटा सङ्ख्या रहेको पाइयो ।
- उक्त समुदायका १६ घरपरिवारका छोरीहरूले विच कक्षामा नै पढाइ छाडेका अधिकांस छोरीहरूले ५,६,७ कक्षा मात्र अध्ययन गरेर छाडेको पाइएको छ ।

- सो समुदायका ५ घरपरिवारका छोराले बिच कक्षामा नै पढ्न छाडेको पाइएको छ। अधिकासं छोराले १० कक्षा पढेर छाडेको पाइन्छ। सबै बालबालिकाले बिचमा पढ्न छाड्नुमा आर्थिक कारण नै भएको पाइएको छ।
- नेपालको मुख्य पेशा कृषि भएपनि ३१ (४३.६%) परिवार सँगमात्र स्वामित्वमा जमिन भएको र बाकी धेरै परिवार संग जमिन नै नभएको पाइयो।
- सो समुदायले नपुग खाद्यन्न आम्दानीबाट खरिद गर्ने र २ (२.८%) परिवारले मात्र ऋणबाट खरिद गर्ने देखिन्छ।
- दलित समुदायमा अधिकांस वा ४५ (६३.४%) घर परिवार दमाई समुदाय र बाकि ( ३६.६) २६ परिवार कामी समुदायको भएको जानकारी प्राप्त भयो।
- दलित समुदायमा अधिकांस ६९ (९७.२%) घर परिवार एकल परिवारमा बस्ने गरेको पाइयो । थोरै २ वा २.८% परिवारमात्र संयुक्त परिवारमा रहने रहेछन्।
- दलित समुदायका सबै परिवार विरामी हुदा उपचार गर्न अस्पताल जाने गरेको पाइयो।
- आधुनिक समयमा आएको विभिन्न परिवर्तनका कारण दलित समुदायका १९ घर परिवारले मात्र जातीय पेशा गर्ने र बाकि ठूलो ५२ (७३.२%) घर परिवारले सो पेशा नगरेको देखियो। जातीय पेशा अपनाउने पनि पेशा प्रति धेरै सन्तुष्ट नभएको पाइयो।
- समुदायको ३४ परिवारले मासिक रूपमा रु १०,००० देखि रु २०,००० सम्म कमाउने, ३१ परिवारले रु ५,००० देखि रु १०,००० सम्म कमाउने तथा समुदायको सानो ६ परिवारले मासिक रूपमा रु २०,००० देखि रु ३०,००० सम्म कमाएको पाइयो।
- विद्यालय जाने सबै बालबालिकाले विद्यालय जाने वातावरण अति नै राम्रो भएको बताए।
- सरकारी निकायले दलित समुदायलाई दिने सेवा सुविधा ज्यादै कम भएको यसमा धेरै सुधार गर्नु पर्ने पाइयो।
- अध्ययन परिवार सबैले पढाइ पछि बालबालिकालाई जागिर सुनिश्चत होस भन्ने चाहन्छन्।

## ७.२ निष्कर्ष

विद्यालयको शैक्षिकस्तरमा विभिन्न पक्षहरूको प्रभाव परेजस्तै अध्ययन बालबालिकाको शैक्षिकस्तरमा पनि विभिन्न पक्षहरूको प्रभाव पर्ने गर्दछ। नेपाली सबै समाजमा विभिन्न किसिमको विभेद,असमानता छ। नेपाली समाजलाई जातीय तहमा विभाजन गरिएको छ। दलित समुदाय विभिन्न कारणले हरेक पक्षमा पछाडि पारिएको पाइन्छ। समाजको आर्थिक, राजनैतिक तथा शैक्षिक पक्षमा यिनीहरूको कम पहुच भएको पाइन्छ। दलित समुदायको आफ्नै किसिमको संस्कार, परम्परा र मूल्य-मान्यताहरू भएको पाइन्छ। पुतलीबजार नगरपालिका-११ का दलित बालबालिकाको शिक्षामा विभिन्न तत्वहरू आर्थिक,सामाजिक पारिवारिक अवस्थाले प्रभाव पारेको हुन्छ। आर्थिक अभाव, आमाबाबुको कम पढाइ तथा घरमा साना बालबालिका भएका कारण उनीहरूलाई समाल्नुपर्ने, गरीवका कारण काममा जानुपर्ने आदि कारणले गर्दा विद्यालय भर्ना भएपनि बालबालिकाले सानो कक्षा पढ्दा पढ्दै छाड्नु पर्ने बाध्यता देखिएको छ। बिच कक्षामा अध्ययन छाड्नेमा केटा केटी दुबै भएको तथा छोड्ने दर केटाको भन्दा केटीको वढी भएको पाइएको छ। केटा केटी दुवैले पढाइ छाड्नुको प्रमुख कारण आर्थिक अभाव नै भएको पाइन्छ।

नेपाल कृषिप्रधान देश भएपनि अधिकांश अध्ययन परिवार सँग जमिन छैन। वर्ष भरिको खाद्यन्न जुटाउन समुदायले विभिन्न पेसा व्यवसायको खोजिमा लागेको पाइन्छ। यो समुदायको अति आवश्यक आवश्यकता गासं, बास र कपासलाई मात्र मान्ने परम्परागत विचारले गर्दा पनि दलित समुदायका बालबालिकाको शिक्षामा नकरात्मक प्रभाव परेको पाइन्छ। आधुनिक समयमा विभिन्न पक्षमा आएको परिवर्तनले गर्दा जातीय पेसाको कम महत्व भएको पाइन्छ। यो समुदायमा निश्चित पेसाको अभावमा काम र खाना जुटाउने उद्देश्यका कारण पनि बालबालिकाको शिक्षा अभिभावकको मुख्य उद्देश्य नभएको पाइन्छ।

## ७.३ सुझाव

- सरोकारवाला सबै सङ्घ संस्थाले दलित समुदायलाई शिक्षा प्रदान गर्न जोड गर्नुपर्ने।
- प्रदान गर्दै आएको सेवा सुविधामा प्रभावकारी सुधार गर्नु पर्ने।
- स्वयं दलित समुदाय पनि बालबालिकालाई शिक्षा प्रदान गर्न जिम्मेवार बन्नुपर्ने।

## सन्दर्भ सामग्री


कार्की, ज्ञानवहादुर (२०६८), **नेपालमा जातपात तथा छुवाछुतको इतिहास,** एसिया पब्लिकेसन्स प्रा.लि. ।

कार्की,वाग्ले, उपेन्द्रकुमार, मनप्रसाद, (२०६१), **शिक्षाका आधारहरू,** विद्यार्थी पुस्तक भण्डार भोटाहिटी काठमाण्डौ ।

क्यापलान,लाओनेल (२०००), **पूर्वी नेपालमा जमिन र यसले ल्याएको परिवर्तन**, हिमाल वुक्स काठमाण्डौ ।

खत्री, नन्दा (२०५७), **दलित जातिका बालवालिकाको शैक्षिक स्थिति,** काठमाडौं : अप्रकाशित शोधकार्य, त्रि.वि. ।

चलाउने, भ्वान सिंह (२०५७), **दलित बालवालिकाको शिक्षामा प्रभाव पार्ने कारक तत्व**, काठमाडौं अप्रकाशित शोधपत्र कार्य, त्रि.वि. ।

जि.वि.स. सूचना केन्द्र, जिल्ला विकास समिति, स्याङ्जा प्रकाशक ।

झा, हरिवंश (२०५७), **दलित उत्थान समिति**, काठमाडौं : सेन्टर फर इकोनोमिक एण्ड टेक्निकल स्टडिज ।

शाह, ऋषिकेश (२०५१), **दलितहरूका निमित्त आरक्षण**, जनउत्थान, मासिक जनआव्हान प्रतिष्ठान, पुतलीसडक, काठमाडौं ।

शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) २०५६, **विकासको निम्ति शिक्षा**, काठमाडौं

शैक्षिक दपर्ण (२०६१), स्याङ्जा जिल्ला शिक्षा कार्यालय प्रकाशक ।

शर्मा, प्रयाङ्गराज (१९७७), **जात,सामाजिक गतिशिलता र सांस्कृतिकरण,** कैलाश पत्रिका काठमाण्डौ ।

तामाङ्ग, सिताराम (२०५०), **नेपालमा जनजाति समस्या**, कृष्ण प्रकाशन, काठमाडौं ।

यादव, अबोधिप्रसाद (२०५९), **उपेक्षित, उत्पिडित र दलित वर्गको अवधारणा**, राजविराज, सप्तरी ।

**त्रिभुवन युनिभर्सिटी, डिपार्टमेन्ट अफ सोसिओलोजि एण्ड एन्थ्रोपोलोजि**, पृथ्वीनारायण क्यामपस पोखरा (२०१२)

अर्याल, भोजेन्द्र (२०६२), **दिक्षान्त पुस्तक प्रकाशन**, किर्तिपुर ।

आचार्य, बलराम (२०६३), **सामाजिक संस्था र प्रक्रियाको समाजशास्त्रीय विश्लेषण**, नेशनल बुक्स सेन्टर, भोटाहिटी, काठमाण्डौ ।

पुतलीबजार नगरपालिका पार्श्वचित्र, (२०६६), पु.व.न.पा. कार्यालय प्रकाशक

आर्चाय, बलराम (२०६१), **अनुसन्धान पद्धति तथा प्रतिवेदन**, नेशनल वुक सेन्टर काठमाण्डौ ।

शर्मा, प्रयाज्ञराज (१९७७), **जात,सामाजिक गतिशिलता र सांस्कृतिकरण,** कैलाश पत्रिका काठमाण्डौ ।

## परिशिष्ट

### (क) प्रश्नावली

## दलित बालबालिकाहरूको शिक्षामा सहभागिता

स्याङ्जा जिल्लाको पुतली बजार नगरपालिका वडा नं. ११ का नेपाली तथा विश्वकर्मा बालबालिकाहरूको शिक्षामा सहभागिता सम्बन्धी स्नातकोत्तर दोस्रो वर्षको शोधपत्र तयारीको लागि अध्ययन गर्न यहाँहरूको आफ्नो शिक्षा सम्बन्धी जानकारी बताइ दिनु हुन अनुरोध गर्दछु ।

१. सामान्य परिचय

नाम थर :

लिङ्ग :

उमेर :

शिक्षा :

जात :

धर्म :

वैवाहिक स्थिति :

गाउँ, टोल :

पारिवारिक विवरण

| क.सं. | लिङ्ग | घरमुलीसँगको नाता | उमेर | वैवाहिक स्थिति | शिक्षा | पेसा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |

**प्रश्नहरू**

| क्र.सं. | प्रश्न | उत्तर | जाने |
|---|---|---|---|
| २. | परिवारको प्रकार | ☐ (क) एकल ☐ (ख) संयुक्त | |
| ३. | घरको प्रकार | ☐ (क) छाप्रो<br>☐ (ख) भाडामा<br>☐ (ग) कच्ची ☐ (घ) पक्की | |
| ४. | तपाई बिरामी हुँदा सर्वप्रथम कहाँ जानु हुन्छ ? | ☐ (क) अस्पताल<br>☐ (ख) घरेलु उपचार<br>☐ (ग) धामीझाक्री<br>☐ (घ) पक्की | |
| ५. | परिवारको स्वामित्वमा खेतीयोग्य जमिन छ ? | ☐ (क) छ ☐ (ख) छैन | |
| ६. | यदि छ भने उक्त जमिनको उत्पादनबाट कति समय खान पुग्छ ? | क) ........... महिना | |
| ७. | यदि तपाईले अरूको जमिन कमाउनु भएको छ भने उक्त उत्पादनबाट कति समय खान पुग्छ ? | क) ........... महिना | |
| ८. | तपाईले अपुग खाद्यान्न कसरी व्यवस्था गर्नुहुन्छ ? | ☐ (क) आम्दानी ☐ (ख) ऋणबाट<br>☐ (ग) जमिन विक्रीबाट | |
| ९. | जातिगत पेसा अँगाल्नु भएको छ ? | ☐ (क) छ ☐ (ख) छैन | |
| १०. | यदि छ भने उक्त पेसा कति उपयोगी छ? | ☐ (क) अति नै ☐ (ख) सामान्य | |
| ११. | तपाईको परिवारको आम्दानीको स्रोत के हो ? | ☐ (क) सरकारी जागिर<br>☐ (ख) जागिर<br>☐ (ग) व्यापार<br>☐ (घ) जातीय पेसा<br>☐ (ङ) कृषि<br>☐ (च) मजदुरी<br>☐ (छ) बेरोजगार | |

<table>
<tr><th>क्र.सं.</th><th>प्रश्न</th><th>उत्तर</th><th>जाने</th></tr>
<tr><td>१२.</td><td>पारिवारिक मासिक आम्दानी कति हुन्छ ?</td><td>क) ने. रु. मा ................................<br>ख) जवाफ दिन नचाहेको</td><td></td></tr>
<tr><td>१३.</td><td>तपाईको मासिक खर्च कति हुन्छ ?</td><td>क) ने. रु. मा ................................<br>ख) जवाफ दिन नचाहेको</td><td></td></tr>
<tr><td>१४.</td><td>फजुल खर्चमा कत्तिको खर्च हुन्छ ?</td><td>☐ (क) अलि अलि ☐ (ख) धेरै नै</td><td></td></tr>
<tr><td>१५.</td><td>तपाईको छोराछोरी कति कुन स्कुलमा जान्छन् ?</td><td><table><tr><td></td><td>सरकारी</td><td>निजी</td><td>जम्मा</td></tr><tr><td>छोरी</td><td></td><td></td><td></td></tr><tr><td>छोरा</td><td></td><td></td><td></td></tr></table></td><td></td></tr>
<tr><td>१६.</td><td>यदि फरक स्कुलमा जान्छन् भने किन त्यसो गर्नुभएको हो ?</td><td></td><td></td></tr>
<tr><td>१७.</td><td>यदि तपाईको छोरा सुरुबाटै स्कुल गएका छैनन् भने किन नगएको हो ?</td><td>☐ (क) हामीले नै कर बल नगरेर<br>☐ (ख) आर्थिक अभावले<br>☐ (ग) जातिगत पेसा सम्हाल्ने हुनाले<br>☐ (घ) स्कुलको भेदपूर्ण व्यवहारले</td><td></td></tr>
<tr><td>१८.</td><td>यदि तपाईको छोरी सुरुबाटै स्कुल गएका छैनन् भने किन नगएको हो ?</td><td>☐ (क) विवाह गरिदिने हुनाले<br>☐ (ख) भाइ बहिनी सम्हाल्नु पर्नाले<br>☐ (ग) आर्थिक अभावले<br>☐ (घ) स्कुलको भेदपूर्ण व्यवहारले</td><td></td></tr>
<tr><td>१९.</td><td>तपाइको बालबालिका स्कुल पढ्दा पढ्दै छोडेका छन् ?</td><td>☐ (क) छ ☐ (ख) छैन</td><td></td></tr>
<tr><td>२०.</td><td>यदि छाडेका छन् भने कसले कति पढेर छाडेका छन् ?</td><td>छोराले ......... कक्षा<br>छोराले ......... कक्षा<br>छोराले ......... कक्षा<br>छोरीले .......... कक्षा<br>छोरीले .......... कक्षा<br>छोरीले .......... कक्षा</td><td></td></tr>
<tr><td>२१.</td><td>यदि तपाईको छोराले स्कुल पढ्दा पढ्दै छाडेका छन् भने किन छाडेका होलान् ?</td><td>☐ (क) जातिगत पेसा अँगाल्नु पर्नाले<br>☐ (ख) आर्थिक अभावले</td><td></td></tr>
</table>

| क्र.सं. | प्रश्न | उत्तर | जाने |
|---|---|---|---|
| | | ☐ (ग) हामीले कर नगरेर<br>☐ (घ) मेलापात जान पर्नाले | |
| २२. | यदि तपाईको छोरीले स्कुल पढ्दा पढ्दै छाडेका छन् भने किन छाडेका होलान् ? | ☐ (क) सानै उमेरमा विवाह गरिदिने हुनाले<br>☐ (ख) भाइ बहिनी सम्हाल्नु पर्नाले<br>☐ (ग) आर्थिक अभावले<br>☐ (घ) स्कुलको भेदभावपूर्ण व्यवहारले<br>☐ (ङ) मेलापात जान पर्नाले | |
| २३. | तपाईका लागि शिक्षा महत्वपूर्ण छ कि तालिम ? | ☐ (क) शिक्षा<br>☐ (ख) तालिम<br>☐ (ग) थाहा छैन । | |
| २४. | बालबालिकाका लागि स्कुल, गा.वि.स. ले प्रदान गर्ने सेवा सुविधा प्रति तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | ☐ (क) केही पनि छैन<br>☐ (ख) ठिकै छ<br>☐ (ग) धेरै सुधार गर्नुपर्छ । | |
| २५. | तपाईको बालबालिकाले स्कुल/गा.वि.स. बाट के सहयोग पाएका छन् ? | ☐ (क) वार्षिक पोशाक<br>☐ (ख) खाजा<br>☐ (ग) मासिक शुल्क सहुलियत<br>☐ (घ) वार्षिक सबैखाले शुल्क सहुलियत | |
| २६. | तपाई बच्चा स्कुल नजाँदा गाउँ टोलका प्रतिनिधिले कत्तिको चासो देखाउँछन् ? | ☐ (क) वास्ता गर्दैनन्<br>☐ (ख) अति नै चासो दिन्छन्<br>☐ (ग) पहल गर्छन् | |
| २७. | बालबालिका सहज रूपमा स्कुल जान गा.वि.स. / स्कुलले के गरिदिए हुन्थ्यो जस्तो लाग्छ ? | ☐ (क) कापी कलम लगायत सम्पूर्ण खर्च दिए<br>☐ (ख) घर खर्चमा पनि सहयोग<br>☐ (ग) पढाइ पछि पनि रोजगारीको सुनिश्चित | |
| २८. | बालबालिका स्कुल जान समाजमा कत्तिको उपयुक्त वातावरण छ ? | ☐ (क) छ ☐ (ख) छैन | |

| क्र.सं. | प्रश्न | उत्तर | जाने |
|---|---|---|---|
| २९. | यदि छैन भने किन त्यसो भएको ? | (क) होच्याउने गर्दछन्<br>(ख) अन्य जातिको काममा जानै पर्छ । | |
| ३०. | तपाईको बच्चाले पढ्नमा कत्तिको मन लगाउँछन् ? | (क) वास्ता गर्दैनन्<br>(ख) सामान्य<br>(ग) अति नै गर्छन् | |
| ३१. | बालबालिकालाई कत्तिको नियमित स्कुल पठाउनु हुन्छ ? | (क) नियमित<br>(ख) कहिलेकाही<br>(ग) फुर्सतमा<br>(घ) परीक्षा दिन मात्र | |
| ३२ | विद्यालय गएका सबै पास भएका छन् ? | (क) छन् (ख) छैनन् | |
| ३३. | छैनन् भने किन त्यसो भएको होला ? | (क) सधैं स्कुल गएको पो<br>(ख) सर सँग भनसुन नगरेर<br>(ग) नाम मात्रको पास हुन्छन् | |

## (ख) मूख्य सूचनादाताको नामावली

- शैलेन्द्र दमाई (अगुवा प्रतिनिधि)
- पार्वती दमाई (गुरास्ती आमा समूहकी अध्यक्ष)
- कल्पना वि.क ( वढागाउँ आमा समूहकी अध्यक्ष)
- भिम वहादुर राना (जानिफकार व्यक्ति )